


# आदिवासी जनजाति बुलेटिन

अंक १३, माघ २०७१



तस्विर सौजन्यः पाम कोर्मोचा
Photo Courtesy: Pam Kormocha

# Bulletin of Indigenous Nationalities
# आदिवासी जनजाति बुलेटिन


| | |
|---|---|
| **Advisors** | **सल्लाहकारहरू** |
| Jhak B Thapa Magar | झक बहादुर थापा मगर |
| P B Golay | पि वि गोले |
| Junu Gauchan | जुनु गौचन |
| Gangaram Tajpuriya | गंगाराम ताजपुरिया |
| **Editorial Board** | **सम्पादक मण्डल** |
| **Chief Editor** | **प्रमुख सम्पादक** |
| Dr Lal-Shyākarelu Rapacha | डा. लाल-श्याँकारेलु रापचा |
| **Editor** | **सम्पादक** |
| Ram Maden | राम मादेन |
| **Assistant Editors** | **सहायक सम्पादकहरू** |
| Hitkajee Lamichhane-Gurung | हितकाजी लामिछाने-गुरुङ |
| Jagatman Lamichhane-Gurung | जगतमान लामिछाने-गुरुङ |
| Kulan Ghising-Lama | कुलन घिसिङ-लामा |
| Sarina Lamichhane-Gurung | सरिना लामिछाने-गुरुङ |
| **Cover and Text Design Concept** | **जिल्दा र पाठ डिजाइन अवधारण** (पदमचाल एवं लोपोन्मुख किराँती-कोँइच जातिको भेषभूषा) |
| Dr Lal-Shyākarelu Rapacha | डा. लाल-श्याँकारेलु रापचा |



प्रकाशन प्रतिः १००० (एक हजार)

# आदिवासी जनजाति सिफारिस/प्रमाण-पत्र

आदिवासी जनजाति सिफारिस/प्रमाण-पत्रको लागि आजउरा प्रतिष्ठान ऐन-२०५८ अनुसूची दफा २ को खन्ड (क) अनुसार सूचीकृत ५९ आदिवासी जनजाति समूहका व्यक्तिहरूले यस आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको कार्यालय जावलाखेल, ललितपुरमा निवेदन फाराम दस्तुर रू. १००/- मा प्राप्त गर्न सक्नेछन् । उक्त फारामको साथमा निम्न आवश्यक कागजातहरू अनिवार्य रूपमा संलग्न गरी पेश गर्न पर्नेछ ।

**सूचीकृत आदिवासी जनजाति व्यक्तिको हकमा–**

- सम्बन्धित जातीय संस्थाको सिफारिस
- १ प्रति नागरिकताको प्रतिलिपि र सक्कल नागरिकता
- ३ प्रति अटोसाइज फोटो

**आदिवासी जनजाति नाबालकको हकमा–**

- सम्बन्धित जातीय संस्थाको सिफारिस
- जन्म दर्ताको प्रतिलिपि वा नाबालक प्रमाण-पत्र वा विद्यालयको मार्कसिट
- बुबाको नागरिकताको प्रतिलिपि
- ३ प्रति अटोसाइज फोटो

**अन्तरजातीय आदिवासी जनजातिसँग विवाह भएको खन्डमा–**

- सम्बन्धित जातीय संस्थाको सिफारिस
- १ प्रति नागरिकताको प्रतिलिपि र सक्कल नागरिकता
- १ प्रति पतिको नागरिकताको प्रतिलिपि र सक्कल नागरिकता
- विवाह दर्ता प्रमाण-पत्रको प्रतिलिपि र सक्कल प्रति
- ३ प्रति अटोसाइज फोटो

**स्थायी ठेगाना परिवर्तन भएको खन्डमा–**

- सम्बन्धित जातीय संस्थाको सिफारिस
- १ प्रति नागरिकताको प्रतिलिपि र सक्कल नागरिकता
- १ प्रति बसाइँ सराइको प्रमाण प्रतिलिपि
- ३ प्रति अटोसाइज फोटो



राष्ट्र मातृभाषा सेवा गर्न दृढ तथा हँसिलो मुहार


नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**आदिवासी जनजाति उत्थान राष्ट्रिय (आजउरा) प्रतिष्ठान**

जावलाखेल, ललितपुर, नेपाल

फोनः ५५५३१७५, फ्याक्सः ५५५३१४८

इमेलः mail@nfdin.gov.np

www.nfdin.gov.np




तस्विर सौजन्यः प्राज्ञिक तथा अनुसन्धान महाशाखा

तस्विरः राष्ट्र मातृभाषा सेवा गर्न दृढ तथा हँसिलो मुहार (दायाँबाट क्रमशः सोम चातेला, पदम वालाहाङ, बयानसिं यालुङ्छा, जीत सिन्जाली, अतीत क्युँइतिचा र अमर तुम्याहाङ)

# 'राष्ट्र मातृभाषा सेवा पुरस्कार'
## दोस्रो चोटी प्रदान तथा थुँगा–४ लोकार्पण

■ **प्राज्ञिक तथा अनुसन्धान महाशाखा**

नेपालमा बोलिने सबै राष्ट्र मातृभाषाहरूको समान विकास, संरक्षण-प्रवर्द्धन र राष्ट्रिय स्तरमा तिनको ओज तथा प्रतिष्ठा बढाउने उद्देश्य राखी प्रतिष्ठानले आफ्नो तेह्रौं स्थापना दिवस र अन्तर्राष्ट्रिय मातृभाषा दिवस ई. २०१४ (२१ फेब्रुअरी) को शुभअवसरमा 'राष्ट्र मातृभाषा सेवा पुरस्कार-२०७०' दोस्रो पटक वितरण गरेर गत बर्षको इतिहासलाई निरन्तरता दिएको छ। पुरस्कारको राशी रू. १५ हजार तथा सम्मान-पत्र रहेको छ। सो पुरस्कार प्राप्त गर्नु हुने आदि(मूल)वासी स्रष्टाहरू (तस्विर माथि) मा जीत सिन्जाली (ढूट मगर भाषा), बयानसिं यालुङ्छा (किराँती-रोदुङ (चाम्लिङ) भाषा), सोम चातेला (धिमाल भाषा), अतीत क्युँइतिचा (किराँती-कोँइच (सुनुवार) भाषा), अमर तुम्याहाङ




तस्विर सौजन्यः प्राज्ञिक तथा अनुसन्धान महाशाखा

*थुँगा*-४ लोकार्पण तस्विरः बायाँबाट क्रमशः डा तारालाल श्रेष्ठ र प्रा डा नोवलकिशोर राई साथ आसनमा किराँती-कोँइच (सुनुवार) भाषा अनुसन्धात्री डा दोर्ते बार्चर्स (जर्मनी)

(किराँती-याक्थुङ (लिम्बू) भाषा) र पदम वालाहाङ (किराँती-किरावा (वान्तावा) भाषा) रहनु भएको छ। यस्तो प्रयास मरूभूमिमा मरुउद्यान भएको पुरस्कार समितिको ठहर छ।

सोही अवसरमा *थुँगा*-४ कविता सङ्ग्रह पनि सार्वजनिक (तस्विर मुनि र माथि) गरिएको थियो। सङ्ग्रहमा २९ राष्ट्र मातृभाषाहरूको ७१ कविता (भावानुवाद सहित) हरू सङ्ग्रहित छन्। मातृभाषा लेखनमा निखार ल्याउन र भाषालाई लिखित रूपमा अभिलेखीकरण गर्न यस्तो प्रकाशनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। ■





तस्विर सौजन्यः सूचना, प्रकाशन तथा छात्रवृत्ति शाखाबाट हितकाजी गुरूङ

तस्विरः परिषद् वैठकमा बोल्नु हुँदै उप-प्रधानमन्त्री, संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशनमान सिंह

# १३ औं परिषद् बैठक सम्पन्न

■ **सूचना, प्रकाशन तथा छात्रवृत्ति शाखा**

आजउरा प्रतिष्ठानको १३औं परिषद् वैठक यही पौष २६ र २७ गते महिला विकास प्रशिक्षण केन्द्र, जावलाखेल, ललितपुरमा सम्पन्न भएको छ । वैठक सम्माननीय उप-प्रधानमन्त्री, संघीय मामिला तथा स्थानीय विकास मन्त्री तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका सह-अध्यक्ष प्रकाशमान सिंहज्यूले पानसमा बत्ती बालेर समुद्घाटन गर्नु भएको थियो ।

वैठकमा आमन्त्रित अतिथिहरूमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव डा. सोमलाल सुवेदी, संस्कृति मन्त्रालयका सचिव मोहन कुमार सापकोटा, शिक्षा मन्त्रालयका सचिव हरि लम्साल, प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा विष्णुविभु घिमिरे, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयकातर्फबाट कार्यकारिणी सदस्य गोकर्ण दवाडी, दलित आयोगका मान नेपाली, गुम्बा विकास समितिका सदस्य सचिव नरेन्द्र गुरुङ्ग, नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष श्री नगेन्द्र कुमाल तथा सचिव पेम्बा भोटे, पूर्व महासचिवहरू सह-प्रा. बालकृष्ण माबुहाङ



तस्विर सौजन्यः योजना शाखाबाट दिलिप बास्के

तस्विरः वैठकमा सहभागी परिषद् सदस्यहरू तथा सहभागी

तथा नेता सुरेश आले-मगर, आदिवासी जनजाति महिला महासंघकी अध्यक्ष शान्ति जिरेल, आदिवासी जनजाति संघ-संस्थाका प्रतिनिधिज्यूहरू तथा पत्रकारहरूको उपस्थिति रहेको थियो ।

वैठकको सन्चालन प्रतिष्ठानका सदस्य सचिव श्री पि वि गोलेज्यूले गर्नु भएको थियो भने प्रतिष्ठानका उपाध्यक्ष श्री झक थापा-मगरज्यूले स्वागत मन्तव्य राख्नु भएको थियो। मन्तव्यका क्रममा कूल जनसंख्याको झन्डै ३७% ओगटेको आदिवासी जनजातिको लागि नेपाल सरकारबाट विनियोजित रकम अत्यन्तै न्यून रहेको र बर्षेनी बजेट वृद्धिको माग गर्दै आई रहेको बताउनु भयो। प्रतिष्ठाने आदिवासी जनजातिका उत्थानका लागि लोपोन्मुख कार्यक्रम, आय-आर्जन तथा सीप मूलक कार्यक्रमहरू गर्दै आएको, छात्रबृत्ति प्रदान, अध्ययन-अनुसन्धान, प्रकाशन तथा विभिन्न जिल्लाहरूमा सामुदायिक भवन निर्माण कार्य, लोक सेवा पूर्व तयारी कक्षा तथा चेपाङ विकास आदि कार्यक्रम गर्दै आएको कुरा बताउनु भयो । शुभकामनाको क्रममा ५९ वटा आदिवासी जनजाति संस्थाकातर्फबाट मन प्रसाद कोँइच (सुनुवार) ले प्रतिष्ठानबाट कार्यक्रमको लागि दिईने रकम न्युन हुने हुँदा कार्यक्रम प्रभावकारी रूपले सम्पन्न गर्न कठिनाई भएको कुरा व्यक्त गर्नु भयो। यसैगरी शान्ति जिरेलले आदिवासीको विविधतालाई ध्यानमा राखी कार्यक्रमहरू तय गर्नु पर्ने, नयाँ बन्ने संविधानमा आदिवासी जनजातिको हक-अधिकार सुनिश्चित र खोजेको पहिचान समेतको हुनु पर्ने तथा सूची उन्मूख वर्गीकरण पुनःवर्गीकरण हुन पर्ने विचार व्यक्त गर्नु भयो ।

उप-प्रधानमन्त्री प्रकाशमान सिंहज्यूले

# आदिवासी जनजाति पुन:सूचीकरण सुझाव कार्यदल गठन

**सरकारले** आदिवासी जनजाति सूची थपघट गर्न विगतमा गठित कार्यदलहरूको प्रतिवेदन, ज्ञापनपत्र र निवेदनहरूमाथि छानविन गरी सुझाव पेश गर्न जुनु गौचनको संयोजकत्वमा ९ सदस्यीय कार्यदल गठन गरेको छ। उप-प्रधान मन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहज्यूको अध्यक्षतामा बसेको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सन्चालक परिषद्को तेह्रौं बैठकको निर्णयानुसार बनेको कार्यदलको अन्य सदस्यहरूमा चन्द्रविक्रम राई, भीम किसान, बिन कुमार थामी, टासी स्याङ्मो गुरुङसेनी, कुमार तामाङ, युवराज जिरेल, नेपाल आदिवासी जनजाति महासंघको प्रतिनिधि र सदस्य सचिवमा राम मादेनलाई तोकिएको छ।

प्रा.डा. ओम गुरुङको संयोजकत्वमा सरकारद्वारा गठित पुनःसूचीकरण उच्च स्तरीय कार्यदलले ८१ जातिलाई आदिवासी जनजातिमा र डा. दिल बहादुर क्षेत्रीको संयोजकत्वमा गठित कार्यदलले खस-क्षेत्री जातिलाई आदिवासीमा सूचीकरण गर्न सिफारिस गरेको छ। कार्यदलले सम्वन्धित विषयविज्ञहरूको परामर्श, अन्तर्राष्ट्रिय स्तरमा भएका अभ्यासहरू र तथ्यहरूको आधारमा पुनर्मूल्याङ्कन गरी सुझाव दिनेछ।

प्रतिष्ठान ऐन २०५८ वमोजिम आदिवासी जनजातिको सूची परिषद्को सिफारिसमा नेपाल सरकारले थपघट गर्न सक्ने छ भन्ने प्रावधान वमोजिम पेश भएका प्रतिवेदन, ज्ञापनपत्र र निवेदनहरू संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले परिषद् बैठकमा पठाएको थियो। ■

प्रतिष्ठानको १३औं बैठकलाई सम्बोधन गर्दै काम गर्दा अनुभव र कमी-कमजोरीहरू पहिचान गरी सुधार गर्दै लानु पर्ने, विकास निर्माणमा सबैको उचित प्रतिनिधि, पहिचान र द्वन्द्व नहुने गरी कार्य गर्दै जान पर्ने, प्रतिष्ठानले गतिविधि लक्षित समूहमा अझ प्रभावकारी ढंगबाट कार्य गर्नु पर्ने र नेपालीपनका साथै आधुनिकता झल्कने संग्राहलय समेतको समावेशी भवनको निर्माण कार्य अघि बढी रहेको पनि बताउनु भयो।

अन्य अतिथिहरू सह-प्रा. बालकृष्ण माबुहाङ, नेता सुरेश आले-मगर, नगेन्द्र कुमाल, सांसद पेम्बा भोटे, डा. सोमलाल सुवेदी, उपकूलपति डा. विष्णुविभु घिमिरेज्यूले पनि आफ्नो मन्तव्य तथा शुभकामना सन्देशहरू व्यक्त गर्नु भएको थियो। प्रतिष्ठानका सदस्य सचिव पि वि गोलेज्यूले उपस्थित सम्पूर्ण अतिथि तथा महानुभावहरूलाई निमन्त्रणा स्वीकार वैठकमा सहभागिता जनाई दिनु भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो।

दोस्रो दिनको सत्र यस प्रतिष्ठानका उपाध्यक्ष श्री झक थापा-मगरज्यूको अध्यक्षतामा सन्चालन भएकोमा सदस्य सचिव श्री पि वि गोलेज्यूले प्रतिष्ठानको आ. व. २०७०/०७१ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुति गर्नु भएको थियो। अन्त्यमा उपाध्यक्षज्यूबाट परिषद् बैठक सफलतापूर्वक सु-सम्पन्न गर्नको लागि सहयोग गर्नु हुने सम्पूर्ण महानुभाव, अतिथिवर्ग तथा परिषद् सदस्यहरूलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दै वैठक सम्पन्न भएको थियो। ■

# प्रोत्साहनमा बढोत्तरी ‘आदिवासी राष्ट्र गौरव पुरस्कार’

■ प्राज्ञिक तथा अनुसन्धान महाशाखा

प्राचीन, मध्य तथा आधुनिक नेपाल राष्ट्र निर्माणमा यहाँका ६०% भन्दा बढी जनसंख्या ओटेका आदि(मूल)वासी जनजाति भूमिपुत्र(ी)हरूको अहम् भूमिका रहे पनि त्यसको खोजखवर नहुनु र मान्यता नपाउनु अत्यन्तै दुःखको कुरो हो । भाषा-साहित्य, संस्कृति, प्रज्ञा, रहनसहन, भेषभूषा, भूगोल, ज्ञानसीप, कला चालचलन, गीत-संगीत, संस्था, राजनीति यावत् क्षेत्रमा ठूलो योगदान रहदारहदै पनि उनीहरूको नामोनिशानी नै नपाईने प्रतिकूल सामाजिक वातावरणमा ‘राष्ट्र मातृभाषा सेवा पुरस्कार’ र ‘आदिवासी राष्ट्र गौरव पुरस्कार’ दिने चलनको थालनी गर्नु भनेको मरुभूमिमा मरुउद्यान (oasis) को अस्तित्व सृजना गर्नु सरह हो ।

यस्तो मरुउद्यान सृजना गर्ने कार्यमा प्रतिष्ठानको १४ वर्षे यात्रा “विहानीले दिनको संकेत गर्छ” भनेझैं सावित भएको छ । यस्तो कार्यले यहाँका भएका तर नसुनिएका र नदेखिएका भूमिपुत्र(ी)हरूको समान रुपले सम्मान हुने एवं भएको तथ्यमा दुई मत रहदैन । यसरी उनीहरूको सम्मान



नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको

**राष्ट्र मातृभाषा सेवा एवं आदिवासी राष्ट्र गौरव पुरस्कार प्रदान गरिने बारे जरूरी सूचना**

प्रकाशित मितिः २०७१ माघ २ गते (कान्तिपुर दैनिक)

आजउरा प्रतिष्ठानद्वारा अन्तर्राष्ट्रिय मातृभाषा दिवस २०१५ (२१ फेब्रुअरी) को उपलक्ष्यमा ‘राष्ट्र मातृभाषा सेवा पुरस्कार’ (जनही ५० हजार संस्था सहित) एवं प्रतिष्ठानको स्थापना दिवस २०७१ (२५ माघ) को उपलक्ष्यमा ‘आदिवासी राष्ट्र गौरव पुरस्कार’ (जनही १ लाख संस्था सहित) वितरण गरिने हुँदा सो समारोहहरूमा पुरस्कृत तपसिलका स्रष्टा तथा विद्वान्-विदुषीहरूलाई उपस्थित हुनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। मृत्युपर्यन्त पुरस्कृत गौरवान्वित महानुभावहरूको हकमा नजिकका आफन्तहरू उपस्थित हुन सक्ने छन् ।

**‘राष्ट्र मातृभाषा सेवा पुरस्कार-२०७१’ द्वारा पुरस्कृत**

भाषा समूह
किराँती-बायुङ (बाहिङ)
रेणुका सुस्तोचा

भाषा समूह
लोवा (ल्होपा)
छिङछिप्पा लामा भोटे

भाषा समूह
ल्होमी (शिङसाब(ा))
छेजाप थिकेप्पा ल्होमी

भाषा समूह
किराँती-याक्खा
रामजी कोङरेन

**‘आदिवासी राष्ट्र गौरव पुरस्कार-२०७१’ द्वारा पुरस्कृत**

विधा नं. १
भाषा-साहित्य तथा संस्कृति
स्व. इमानसिंह चेम्जोङ (ई १९०४–१९७५)

विधा नं. ४
आदिवासी चेतना
स्व. डा. हर्क गुरुङ (ई १९३९–२००६)

विधा नं. २
सामाजिक न्याय तथा अधिकार
सह-प्रा. ज्योती खुनारा भट्टचन

विधा नं. ५
नारी साक्षरता, शिक्षा तथा पुनःजागरण
बम कुमारी बुढा मगर

विधा नं. ३
ज्ञानसीप र कला
लिला दिखुलीमा राई

सम्पर्क फोनः ५५५३१७५ एक्टेन्सन ११९

पुनश्चः यो सूचना प्रकाशित भएको एक हप्ताभित्र सबै स्रष्टा, विद्वान्-विदुषी तथा आफन्तहरूले प्रतिष्ठानको प्राज्ञिक तथा अनुसन्धान महाशाखामा सम्पर्क राख्नु हुन सादर अनुरोध गरिन्छ ।

बाकस १ः ‘राष्ट्र मातृभाषा सेवा पुरस्कार’ र ‘आदिवासी राष्ट्र गौरव पुरस्कार’ द्वारा आ.व. २०७१/०७२ मा पुरस्कृत तथा सम्मानित महानुभावहरूलाई सार्वजनिक जानकारीको लागि *कान्तिपुर* दैनिकमा प्रकाशित सूचना

गर्नु भनेको उनीहरूले आफ्नो क्षेत्रबाट राष्ट्र निर्माणमा पुऱ्याएको योगदानको मूल्याङ्कन गरी त्यसको सुनौलो इतिहास जिउँदो राख्नु पनि हो । नयाँ भावी-पिढीहरूको लागि पनि हौसला प्रदान गर्नु हो । राष्ट्र निर्माण कार्यमा सहभागी हुनको लागि त्यस्तो हौसला प्राप्त गर्नु हुने गौरवान्वित स्रष्टा, विद्वान्-विदुषी तथा उहाँहरूले पुऱ्याउनु भएको योगदानको कदर तल तालिका १ र २ मा प्रस्तुत गरिएको छ ।

**'आदिवासी राष्ट्र गौरव पुरस्कार २०७१'**

(५ विधामा जनही १ लाख ५ जनालाई संस्था सहित र व्यक्तिको हकमा मृत्यु पर्यन्त पनि)

छनौटमा पर्नु भएका गौरवान्वित स्रष्टा महानुभावहरूको सूची

**तालिका १ः आरागौ पुरस्कारद्वारा पुरस्कृत महानुभावहरू**

| विधा | साँस्कृतिक तथा आदिवासी समूह | मनोनित महानुभावको नाम, थर र ठेगाना | योगदान सारांश | कैफियत |
|---|---|---|---|---|
| विधा नं. १ भाषा-साहित्य, संस्कृति | क) किराँती-याक्थुङ (लिम्बू) | स्व. इमानसिंह चेम्जोङ (ई १९०४–१९७५) | लेप्चा, लिम्बू भाषा-साहित्य, संस्कृति, अनुसन्धान तथा प्रकाशनमा ११ कृति प्रकाशित | पुरस्कृत |
| विधा नं. २ सामाजिक न्याय तथा अधिकार | थकाली | सह-प्रा. ज्योती खुनारा भट्टचन (इतिहास विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिवि) | थकाली पूर्ख्यौली भूमि थासाङ (२०७०) अनुसन्धान तथा प्रकाशन साथै अरू अनुसन्धान | पुरस्कृत |
| विधा नं. ३ ज्ञानसीप र कला | किराँती-रोदुङ (चाम्लिङ राई) | लिला दिखुलीमा राई (बर्ष ६५) खोटाङ, माझ्क किरात | रैथाने ज्ञान तथा सीप चर्खामा भाङ्ग्रा/खाँडीको किराँती भेषभूषा उत्पादन तथा बजार विस्तार | पुरस्कृत |
| विधा नं. ४ आदिवासी चेतना | गुरुङ | स्व. डा. हर्क गुरुङ (ई १९३९–२००६) तराँचे, लम्जुङ | आदिवासित्व जनचेतना अभिवृद्धि सहित ६९७ प्रकाशन | पुरस्कृत |
| विधा नं. ५ नारी साक्षरता, शिक्षा तथा पुनःजागरण | अठार मगरात (मगर) | बम कुमारी बुढा मगर (बर्ष ६४) | शिक्षण १२ बर्ष, स्काउट, सामाजिक जागरण, दर्जन भन्दा बढी कृति प्रकाशन, रोल्पाको प्रथम महिला प्रवेशिका, मगर समुदायको पहिलो नारी सांसद | पुरस्कृत |

**'राष्ट्र मातृभाषा सेवा पुरस्कार २०७१'**
(जनही ५० हजार ४ जनालाई संस्था सहित र व्यक्तिको हकमा मृत्यु पर्यन्त पनि)
छनौटमा पर्नु भएका गौरवान्वित स्रष्टा महानुभावहरूको सूची

**तालिका २: रामाभासे पुरस्कारद्वारा पुरस्कृत महानुभावहरू**

| क्रम | भाषिक समूह र क्षेत्र | मनोनित सेवीको नाम, थर र लिङ्ग | योगदान सारांश | कैफियत |
|---|---|---|---|---|
| १ | याक्खा ( किराँती-याक्खा) (धनकुटा र संखुवासभा) | रामजी कोङरेन पुरूष | शब्दकोश, व्याकरण, चिनारी, संस्कृति, पाठ्यपुस्तक, गीत लेखन, अनुसन्धान आदि प्रकाशन | पुरस्कृत |
| २ | ल्होमी (सङखुवासभा) | छेजाप थिकेप्पा ल्होमी पुरूष | गीत, लोककथा, पत्रिका, पाठ्यपुस्तक, प्रौढ शिक्षा पुस्तक, गीति एल्बम, वर्णमाला, वालकथा आदि प्रकाशन | पुरस्कृत |
| ३ | लोवा (मुस्ताङ) | छिङछिप्पा लामा भोटे नारी | संस्कृति, कविता, गीत, व्याकरण, पत्रिका, गोरखापत्र आदि प्रकाशन | पुरस्कृत |
| ४ | किराँती-बायुङ (बाहिङ) (राई) (ओखलढुङ्गा र सोलुखुम्बु) | रेनुका सुस्तोचा बाहिङ राई नारी | निवन्ध, संस्कृति, गोरखापत्र आदि प्रकाशन | पुरस्कृत |



अर्को आ.व.मा प्रतिष्ठानले आफ्नो तालिका ३ मा '**आदिवासी प्रज्ञा पुरस्कार**' को शुरुवात गर्न पनि अहोरात्र सपना बुनी रहेको र सपना प्राप्तीको लागि भगिरथ प्रयास जारी राखेको छ । प्रतिष्ठानलाई यसमा सफलता मिल्ने नै छ।

यस वर्षको मूल्याङ्कन तथा कदरको विशेष गौरवान्वित सफलता भनेको नारी स्रष्टा र विदुषीहरूको बाक्लो प्रतिनिधित्व एवं सहभागिता नै हो । विगत दुई वर्षको परीक्षण सम्मान पुरस्कारको पुरुष वर्चश्वलाई यस वर्ष भने मातृसत्तात्मक दृष्टिकोणमा पक्का **नारी वर्ष** नै मनाएको जस्तो अनुभूत हुनु प्रतिष्ठानको १४ वर्षे यात्राको नयाँ रेकर्ड र नौलो अनुभूति हो भनी रहन परोइन। आगामी वर्षहरूमा पनि प्रतिष्ठानले यस्तै नौलो अनुभूति गर्न पाओस् । साथै पदाधिकारी पदमा पनि ५०% को सहभागी बन्न सकून्/पाउन् भन्ने अग्रिम वधाई तथा बढोत्तरी शुभकामना छ। ■






तस्विर सौजन्यः सूचना, प्रकाशन तथा छात्रवृत्ति शाखाबाट हितकाजी गुरूङ

तस्विरः खोजमूलक पत्रकारिता प्रशिक्षार्थी र प्रशिक्षकहरू साथमा प्रतिष्ठानका कर्मचारी

# खोजमूलक पत्रकारिता तालिम

■ **सूचना, प्रकाशन तथा छात्रवृत्ति शाखा**

आदि(मूल)वासी पत्रकारहरूको स-शक्तिकरणका लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को संयुक्त आयोजनामा दुई प्रशिक्षकद्वारा विभिन्न सन्चार क्षेत्रमा कार्यरत २२ जना पत्रकार प्रशिक्षार्थीहरूलाई दुई दिने **खोजमूलक पत्रकारिता तालिम** सन्चालन गरियो। सो तालिम २०७० श्रावण ३ र ४ गते आउट लुक होटल, काठमाडौंमा सन्चालन गरिएको थियो।

समय सापेक्ष साथै वर्तमान माग तथा आवश्यकता अनुसार आदिवासी जनजातिका धार्मिक, साँस्कृतिक, भाषिक, ऐतिहासिक तथा परम्परागत ज्ञान सीपको सूचना प्रवाह गरी प्रवर्द्धन गर्नका लागि आदि(मूल)वासी पत्रकारहरूलाई प्रतिस्पर्धी र सम्बेदनशील बनाउने उद्देश्यले सो तामिम सन्चालन गरिएको हो।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का अध्यक्ष श्री डन्ड गुरुङले सो तामिम कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो। कार्यक्रम सन्चालन 'नेपाल टेलिभिजन' का समाचारवाचक श्री गजुरधन राई तथा 'नयाँ पत्रिका' का श्री मनोज घर्ती-मगरले गर्नु भएको

थियो। मन्तव्यको क्रममा मुख्य प्रशिक्षक समाजशास्त्री डा. कृष्ण भट्टचन र फोनिज अध्यक्ष डन्ड गुरुङले पनि यस प्रकारका तालिमहरू बेला बेलामा आदिवासी जनजाति पत्रकारहरूलाई दिई रहन अति आवश्यक रहेको बताउनु भयो।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका वरिष्ठ प्रशासकीय अधिकृत प्रदीप बज्राचार्यले प्रतिष्ठानको स्थापनाको उद्देश्य र लक्ष्य प्राप्तिका निम्ति निर्माण गरिएको नीति तथा कार्यक्रम बारे जानकारी दिनु भयो। उद्देश्य प्राप्तिमा निरन्तर हुँदै आएका गतिविधि तथा कार्यक्रमहरू र त्यसले समुदायमा पारेको प्रभाव बारे आम सन्चारले निर्वाह गरेको भूमिकाको चर्चा गर्दै आदिवासी समुदायको हितमा गहन खोजी गर्ने/गराउने उद्देश्यले आम सन्चारकर्मीहरूलाई 'खोजमूलक पत्रकारिता तालिम' को आयोजना गरिएको बज्राचार्यले प्रष्ट पार्नु भयो। सन्चार अधिकृत हितकाजी गुरूङले प्रतिष्ठानभित्रका गतिविधिलाई आइटीमुखी बनाउने र मिडिया क्षेत्रसित सम्पर्क बढाउने उत्तम प्रयासमा जुट्ने बताउनु भयो।

प्रशिक्षक डा. भट्टचनले "प्रतिष्ठान नेपाल सरकारको स्वायत्त निकाय भए पनि यसले अपेक्षा अनुसार आदिवासी जनजातिको मुद्दाहरू चाहे जति प्रवर्द्धन गर्न नसकी रहेको" बताउनु भयो। पत्रकार खिम घलेले आफु अनिज (हाल-फोनिज) को नेतृत्वमा रहँदा आदिवासी मुद्दामा प्रतिष्ठानसित सहकार्य गर्न प्रयासरत रहनु भएको तथा यसका निम्ति बजेट भन्दा पनि सोचाइ र विचारमा एकरूपता हुन आवश्यक रहेको बताउनु भयो। फोनिज अध्यक्ष डन्ड गुरूङले फोनिज आफ्नो उद्देश्य अनुसार आदिवासी जनजाति पत्रकारहरूको हक, अधिकार, पेशागत सुनिश्चितता, स-शक्तिकरण र आदिवासी मुद्दाहरूको प्रवर्द्धनमा सशक्त ढंगले अघि बढेको बताउनु भयो।

त्यसैगरी फोनिजले आदिवासी जनजातिका मुद्दामा कलम चलाउने आदिवासी इतरका पत्रकारहरूको प्रवर्द्धन तथा स-शक्तिकरणमा कदम अघि बढाएको उल्लेख गर्नु भयो। फोनिजले प्रतिष्ठानको उद्देश्य पूर्तिमा सहयोग पुऱ्याउँदै आएको बताउँदै त्यस निम्ति प्रतिष्ठानको नीति तथा कार्यक्रममा आदिवासी जनजाति मुद्दाका विषय पहिचान, सन्चारकर्मी स-शक्तिकरण र मुद्दाका विषय प्रवर्द्धन कार्यलाई प्राथमिकतामा राख्नु पर्ने बताउनु भयो।

प्रशिक्षार्थी पत्रकारहरूले आदिवासी जनजाति सम्बन्धी सूचना बारे टीकाटिप्पणी गर्दै आदिवासी जनजाति सम्बन्धी सूचना आदिवासी जनजाति पत्रकारहरूबाट पनि थप प्रयासको जरूरी, सीमित घटनामा आधारित सूचना आउने, सूचना असरयुक्त र दीगो रूपमा प्रस्तुत नहुने, घटनाको विवेचना प्रभावपूर्ण नहुने, पत्रकारहरू आफैं सुरक्षित र बलियो हुन नसक्ने, पत्रकारहरूको स्थिति कहिलेकाहीं निराशाजनक हुने, समयमा पारिश्रमिक नपाउने, स्रोत र साधनको अभाव, यदाकदा सूचनाको प्रस्तुति गतिलो नगरी झारा टार्ने कार्य गर्ने, पत्रकारको अपेक्षा अनुरूप प्रतिफल नपाइने कुरा व्यक्त गर्नु भएको थियो।


प्रतिष्ठानले पहिलो पटक आयोजना गरेको खोजमूलक पत्रकारिता तालिम प्रशंसनीय रह्यो। यस तालिमबाट आदिवासी जनजाति पत्रकार तथा सन्चारकर्मीहरूको प्रयास, सक्रियता र हौसला सन्तोषजनक रहनुको साथै भविष्यमा पनि प्रतिष्ठानबाट यस्ता तालिम कार्यक्रमहरूको अपेक्षा गरिएको तालिमका प्रशिक्षक तथा प्रशिक्षार्थीहरूबाट व्यक्त भएको थियो। सो खोजमूलक पत्रकारिता तालिम साह्रै व्यवस्थित, मर्यादित तथा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो। ■

# लोकसेवा तयारी कक्षा प्रशिक्षण

■ **अन्तर्राष्ट्रिय तथा अभिलेखीकरण विभाग**

निजामति सेवामा आदिवासी जनजातिहरूको पहुँच अभिवृद्धि गर्न प्रतिष्ठानले काठमाडौं उपत्यका लगायत पाँच विकास क्षेत्रमा लोकसेवा तयारी कक्षा सन्चालन गरेको छ। काठमाडौंमा शाखा अधिकृत तयारी कक्षामा ७० जना र नायब सुब्बाका लागि काठमाडौं सहित सुर्खेत, कैलाली, कास्की, मकवानपुर र धनकुटामा ७०/७० जनाको दरले जम्मा ४२० जना प्रशिक्षार्थीहरूले लोकसेवा तयारी कक्षा लिई रहेका छन्। २०७१ कार्तिक अन्तिम सातादेखि सन्चालन भएको तयारी कक्षामा शाखा अधिकृतको लागि २ घण्टाको १७० वटा कक्षा ५ महिना अवधिको र नायब सुब्बाको लागि साँढे दुई महिना अवधिको ७० वटा तयारी कक्षा सन्चालन हुने छन्।

लोक सेवा तयारी कक्षाको लागि प्रशिक्षार्थी छनौटको लागि *गोरखापत्र* राष्ट्रिय दैनिकमा निःशुल्क तयारी कक्षाका लागि सार्वजनिक रूपमा दरखास्त आव्हान गरी काठमाडौंमा शाखा अधिकृत र सुब्बाको लागि लिखित परीक्षा प्रणालीबाट छनौट गरिएको थियो। अन्य पाँच विकास क्षेत्रमा सम्बन्धित जिल्लाको जिल्ला विकास समिति र नेपाल आदिवासी जनजाति महासंघ, समन्वय परिषद्को सहयोगमा दरखास्त सङ्कलन गरी प्राप्ताङ्क, जाति,






तस्विर स्रोतः अन्तर्राष्ट्रिय सम्पर्क तथा अभिलेखीकरण विभागबाट राम मादेन

तस्विरः लोक सेवा कक्षा तयारीमा व्यस्त प्रशिक्षार्थीहरू



क्षेत्र र लिंगको आधारमा प्रशिक्षार्थीहरू छनौट भएका थिए ।

तयारी कक्षा सन्चालनको निम्ति *गोरखापत्र* राष्ट्रिय दैनिकमा कक्षा सन्चालन गर्न इच्छुक संघ-संस्था, कम्पनीहरूलाई सिलवन्दी दरभाउ पत्र पेश गर्न आह्वान गरी प्राप्त सिलबन्दीमध्ये विधिवत् रूपमा छनौट भएका थिए–जस अन्तर्गत काठमाडौंमा शाखा अधिकृत तहका लागि मल्टी प्रोफेसनल एकेडेमी, वागवजार र नायव सुब्बाका लागि टाइम इन्ष्टिच्युट वागवजारको प्रस्ताव स्वीकृत भई अध्यापन कार्य भई रहेको छ ।

अन्य पाँच विकास क्षेत्रमा धनकुटामा डाइनामिक प्रतिष्ठान, मकवानपुरमा विकासका लागि अभियान र मगर भाषा प्रतिष्ठानले कास्कीको कक्षा सन्चालन गर्ने जिम्मेवारी प्राप्त गरेका छन् । त्यस्तै बालबालिका तथा महिला विकास केन्द्रले कैलाली र एपेक्स कम्प्युटर इन्स्टिच्युटले सुर्खेतमा तयारी कक्षा सन्चालन गर्दै आएका छन् ।

सरकारले पिछडिएका आदिवासी जनजाति, मधेसी, मुश्लिम, दलित, महिला र पिछडिएका क्षेत्रलाई निजामति सेवामा समावेश गर्ने नीति अनुरूप प्रतिष्पर्धी र क्षमतावान वनाउन प्रतिष्ठानले यस प्रकारको प्रशिक्षण आदिवासी जनजातिलाई लक्षित गरी विगत ५ वर्षदेखि निरन्तरता प्रदान गर्दै आएको छ । ■






तस्विर स्रोतः अन्तर्राष्ट्रिय सम्पर्क तथा अभिलेखीकरण शाखाबाट राम मादेन

तस्विरः अन्तरक्रिया कार्यक्रम, पोखरा, कास्की

# दिगो विकास र शान्तिका लागि संघीयताको वहस

■ अन्तर्राष्ट्रिय सम्पर्क तथा अभिलेखीकरण विभाग

**जन आन्दोलन–२** को महत्त्वपूर्ण उपलब्धीमध्येको संघीयता बारे सकारात्मक सन्देश प्रवाह गर्न प्रतिष्ठानले युएनडिपी, एसपिसिविएनको सहयोगमा वहस गराएको छ। धनकुटा, मकवानपुर, कास्की, सुर्खेत र काठमाडौंमा २०७१ असोजदेखि मंसिरभित्र सम्पन्न सो कार्यक्रममा सम्वन्धित क्षेत्रका राजनीतिक दलका नेता, कार्यकर्ता, वुद्धिजीवि, सामाजिक अभियन्ता, आदिवासी जनजाति, व्राम्हण-क्षेत्री, दशनामी, दलित, मुश्लिम, मधेसी र पत्रकारहरूले आमने-सामने वहसमा सहभागी भएका थिए।

संविधान निर्माणमा गरमागरम वहसको चुरो विषय बनेको संघीयता बारे अनेकौं विचारहरू व्यक्त भई रहेको अवस्थामा संघीय राज्य सन्चालनका आधारभूत विषयहरूमा समान वुझाइको निर्माण हुन सकोस् भन्ने उद्देश्यले नेपालको सन्दर्भमा यसको आवश्यकता बारे सहजीकरण गर्न कार्यक्रमको आयोजना भएको थियो। विभिन्न क्षेत्रमा भएको वहस क्रममा निम्न निष्कर्षहरू आएका छन्।

- राजनीतिक दलका नेताहरू आ-आफ्नै राजनीतिक दलको अवधारणामा केन्द्रित छन्।
- आदिवासी जनजाति, मधेसी, मुस्लिमहरू पहुँच, अधिकार र पहिचानका लागि संघीयता अपरिहार्य ठान्दछन्।
- व्राम्हण-क्षेत्री, दशनामीबाट प्रतिनिधित्व गर्ने अधिकांस सहभागीहरू वा राज्य सत्तामा विगतदेखि पहुँच रहदै आएका प्रतिनिधिहरू संघीयताका निम्ति स्पष्ट देखिदैनन्। सम्भव भएसम्म एकात्मक राज्य सत्ताको निरन्तरता चाहन्छन्।
- राष्ट्रिय स्तरको सन्चार गृहहरू संघीयताको विपक्षमा उभिएकोमा आक्रोश पोखेका छन्। सन्चार गृह समावेशी चरित्रको हुनु पर्ने राज्यको नीति अविलम्ब लागू हुनु पर्ने विचारहरू आएका छन्।
- विगतदेखि देशमा हाली-मुहाली गर्दै आएका जाति तथा समुदायहरू र पहुँच र अधिकार नपाएका जाति, समुदाय र क्षेत्रको लडाइँको रूपमा संघीयतालाई हेरिएको छ।
- परिवर्तनका लागि जातीय सोचबाट माथि उठ्नु पर्ने आवश्यकता औंल्याइयो। विगत लामो समयदेखि नेपाल जातीय राज्यको विशेषताबाट सन्चालन हुदै आयो। यसको निरन्तरता खोजियो भने मुलुकमा दिगो शान्ति र स्थायित्व सम्भव नहुने विचार अधिकांश सहभागीहरूले व्यक्त गरेका छन्। ■

# २० औं आदिवासी दिवसमा अन्तरक्रियात्मक वहस

■ अन्तर्राष्ट्रिय सम्पर्क तथा अभिलेखीकरण विभाग




तस्विर सौजन्यः अन्तर्राष्ट्रिय सम्पर्क तथा अभिलेखीकरण शाखाबाट राम मादेन

तस्विरः अन्तरक्रिया कार्यक्रममा प्रस्तोता, टीप्पणीकर्ता एवं उपाध्यक्ष भादगाउँले टोपीमा

प्रतिष्ठानले २०औं विश्व आदिवासी दिवस (दोश्रो दशक अगष्ट ९, २०१४) को अवसरमा अन्तरक्रियात्मक वहस कार्यक्रमको आयोजना गरेर मनाएको छ। २३ श्रावण २०७१ मा ललितपुर स्थित हिमालय होटलमा आयोजित सो कार्यक्रममा दुई कार्यपत्रहरू (डा.मुक्तसिंह लामा-तामाङको 'विश्व र नेपालको आदिवासी मुद्दामा उठान, प्रवृत्ति र भावी कार्यदिशा' र सह-प्रा. वालकृष्ण माबुहाङको 'विश्व आदिवासी दिवसको दुई दशकः उपलब्धी, चुनौती तथा अवसर हरू') को प्रस्तुति साथै कार्यपत्रमाथि टिप्पणी तथा वहस भएका थिए।

संयुक्त राष्ट्र संघ महासभाले २० औं अन्तर्राष्ट्रिय विश्व आदिवासी दिवसको सार नै "Bridging the gap: implementing the rights of indigenous peoples" अर्थात् "दरारको न्युनीकरण गर्न आदिवासी अधिकारको कार्यान्वयन" मा केन्द्रित गरेको परिप्रेक्षमा पाँच लक्ष्यहरू–

क) कानुन, नीति निर्माण, स्रोत बाँडफाँड, कार्यक्रम र परियोजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने कार्यलाई अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय प्रक्रियामा आदिवासीप्रतिको विभेद अन्त्य तथा समावेशितालाई प्रोत्साहन गर्ने,

ख) स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिको सिद्धान्तलाई ध्यान दिंदै आदिवासीको जीवनशैली, परम्परागत भूमि तथा भू-क्षेत्र, साँस्कृतिक अखन्डता, सामूहिक अधिकार वा जीवनको कुनै पनि पक्षमा असर पुऱ्याउने खालको निर्णय गर्ने कार्यमा आदिवासीको पूर्ण तथा प्रभावकारी सहभागितालाई प्रोत्साहन गर्ने,

ग) समानताको दृष्टिबाट अलग्गिएको विकासे नीतिहरूलाई आदिवासीको साँस्कृतिक समुचितता साथै साँस्कृतिक तथा भाषिक विविधताको सम्मान हुने गरी पुनःपरिभाषित गर्ने,

घ) आदिवासी नारी, वालवालिका र युवाप्रति विशेष जोडका साथ आदिवासीको विकासका लागि नीति, कार्यक्रम, परियोजनाहरू तथा बजेट लगायत ठोस गुणमापकसहित अंगिकार गर्ने, र

ङ) आदिवासी नागरिकको संरक्षण तथा जीवनस्तरवृद्धिको लागि कानुन, नीति तथा कार्यकारी बनौट कार्यान्वयन अन्तर्राष्ट्रिय, क्षेत्रीय र विशेषतः राष्ट्रिय स्तरमै बलियो अनुगमन संयन्त्र विकास र जवाफदेहिता वृद्धि गर्ने–लाई प्राप्त गर्न यस्तो वहस अत्यन्तै फलदायी हुने निष्कर्ष कार्यक्रममा वहस भएको थियो ।

कार्यक्रमको समुद्घटन उप-प्रधानमन्त्री प्रकाशमान सिंहले पानसमा बत्ती बालेर शुभारम्भ गर्नु भएको थियो । उप-प्रधानमन्त्री सिंहले आदिवासी जनजातिका अधिकार र समावेशी सिद्दान्तका बारेमा सं. २०४६ पछि नेपाली कांग्रेसको सरकार बनेपछि सर्वोच्च कमान्डर गणेशमान सिंहले उठाउनु भएको स्मरण गराउनु भयो । उहाँ अनुसार पहिचान र परिवर्तनको कुरा आदिवासी जनजाति, महिला र मधेशीको सबै क्षेत्रमा सहभागिता हुनु पर्दछ ।

वौद्धिक वहसको पहिलो सत्रको अध्यक्षता प्रा.डा. ओम गुरूडले थियो । सह-प्रा. बालकृष्ण माबुहाङको कार्यपत्रमाथि प्रस्तुत गर्नु भएको थियो । सो कार्यपत्रमाथि सुरेश आले-मगर (जनजाति महसंघका संस्थापक महासचिव) र प्रा. कृष्ण खनालले टिप्पणी गर्नु भएको थियो । दोस्रो सत्रमा डा.मुक्तसिंह लामा-तामाङको प्रा. कृष्ण हाछेथु र सिके लालले टिप्पणी गर्नु भएको थियो ।

दोश्रो दशक ९ अगस्तको मूल सन्देश नै आदिवासी सम्वन्धी संयुक्त राष्ट्र संघको लक्ष्यहरू हासिल गर्नु हो र औपनिवेशिक कालको समाप्तीसँगै उत्तर-औपनिवेशक वातावरणमा आदि(मूल)वासी उभिएको धरतीमाताका दीर्घकालीन सुख-शान्तिको पुनर्वहाली गर्नु हो । आज उसो शक्ति वा सत्तासीन वर्गले आदिवासीहरूको शान्ति-समृद्धि र अमन-चयन पुनर्वहालीतर्फ उद्दत हुँदै दिगो विकासमा नेपाल तथा विश्वकै आदिवासीहरूलाई मूलप्रवाहीकरण गरून् भन्ने नै यस वहस कार्यक्रमको सन्देश हो । संयुक्त राष्ट्र संघका महासचिव बान कि-मुनको भनाइ “हामीले सबै निर्णायक तहमा आदिवासी नर र नारीको सहभागिताको सुनिश्चित गर्नु पर्दछ । यस कार्यले सहस्राब्दी विकास लक्ष्य प्राप्ति वहसलाई गति दिने र ई. २०१५ पछिको विकास एजेन्डालाई परिभाषित गर्दछ” ले पनि उल्लिखित पाँच लक्ष्य प्राप्तिलाई उर्जा थप्दछ । कार्यक्रमका सहभागी सबै तह र तप्काका आदि(मूल)वासीहरूले एकआपसमा यही शुभकामना आदन-प्रदान गर्नु भएको थियो । ■

“हामीले सबै निर्णायक तहमा आदिवासी नर र नारीको सहभागिताको सुनिश्चित गर्नु पर्दछ । यस कार्यले सहस्राब्दी विकास लक्ष्य प्राप्ति वहसलाई गति दिने र ई. २०१५ पछिको विकास एजेन्डालाई परिभाषित गर्दछ ।”

– बान कि-मुन

# आ.व.२०७१/०७२ को वार्षिक कार्यक्रम

१) समावेशीकरण, सामाजिक न्याय, लैंगिक मूलप्रवाहीकरण आदि समसामयिक विषयमा सचेतना कार्यक्रम ।
२) विद्युतीय सन्चार मार्फत् शिक्षा तथा सूचना कार्यक्रम ।
३) पर्यटक पदमार्ग क्षेत्रका आदिवासी जनजातिहरूलाई ग्रामीण पर्यटन सेवा सम्बन्धी तालिम कार्यक्रम ।
४) ऐतिहासिक, साँस्कृतिक, धार्मिक पुरातात्विक सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम ।
५) आदिवासी जनजातिहरूको संस्कृति, चाडवाड, महोत्सव प्रवर्द्धन कार्यक्रम ।
६) मातृभाषा साक्षरता तथा शिक्षक प्रशिक्षण कार्यक्रम ।
७) मातृभाषाहरूको वर्ण पहिचान व्याकरण लेखन शब्दकोश निर्माण, प्रकाशन र मरणासन्न भाषाहरूको प्रलेखन ।
८) आदिवासी जनजाति मातृभाषा चलचित्र महोत्सव तथा बृत्तचित्र निर्माण प्रशिक्षण कार्यक्रम ।
९) महिला विभेद, हक अधिकार, लैंगिक समानता आदि विषयमा सचेतना कार्यक्रम ।
१०) आदिवासी जनजाति महिलाहरूको क्षमता तथा सिप विकास र लघु उद्यम प्रवर्द्धन कार्यक्रम ।
११) व्यवसायिक, परम्परागत पेशा व्यवस्थापन सम्बन्धी आयमुलक तालिम कार्यक्रम ।
१२) युवा रोजगारमुलक सीप व्यवसायिक तथा सशक्तिकरण कार्यक्रम ।
१३) अपाङ्ग उत्थान कार्यक्रम ।
१४) लोपोन्मुख तथा अतिसिमान्तकृत समुदायहरूको उत्थान कार्यक्रम ।
१५) अध्ययन-अनुसन्धान तथा उत्कृष्ट पान्डुलिपि प्रकाशन कार्यक्रम । ■

# आदिवासी जनजातिको शान, राष्ट्रको पहिचान !
# आदिवासी जनजातिको पौरख, राष्ट्रको गौरव !!



## नेपालको सूचीकृत आदिवासी जनजाति वर्गीकरण

सरकारी मानव विकास सूचकांक २०५८ (साक्षरता दर, पक्की घर, भूमीको स्वामित्व, व्यवसाय, भाषा, जनसंख्या तथा स्नातक तह वा सोभन्दा माथिको शैक्षिक स्थिति) को आधारमा वर्गीकरण गरिएका नेपालका आदिवासी जनजातिहरुको सूची :

**क. लोपोन्मुख समूह :** १. कुसुण्डा २. बनकरिया ३. राउटे ४. सुरेल ५. हायू ६. राजी ७. किसान ८. लेप्चा ९. मेचे १०. कुशवाडिया

**ख. अति सिमान्तिकृत समूह :** १. माझी २. सियार ३. ल्होमी (शिङसाबा) ४. थुदाम ५. धानुक ६. चेपाङ ७. सतार (सन्थाल) ८. थामी ९. झांगड १०. बोटे ११. दनुवार १२. बराम्

**ग. सिमान्तिकृत समूह :** १. सुनुवार २. थारु ३. तामाङ ४. भुजेल ५. कुमाल ६. राजवंशी ७. गन्गाई ८. धिमाल ९. भोटे १०. दराई ११. ताजपुरीया १२. पहरी १३. तोप्केगोला १४. डोल्पो १५. फ्रि १६.मुगाल १७. लार्के १८. ल्होपा १९. दुरा २०. वालुङ

**घ. सुविधा बञ्चित समूह :** १. गुरुङ २. मगर ३. राई ४. लिम्बु ५. छैरोतन ६. ताङ्बे ७. तिनगाउले थकाली ८.बाह्रगाउले ९. मार्फाली थकाली १०. शेर्पा ११. याक्खा १२. छन्त्याल १३. जिरेल १४.व्यासी १५. ह्योल्मो

**ङ. उन्नत समूह :** १. नेवार २. थकाली

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

जावलाखेल, ललितपुर

फोन नं. ५५५३१७५, फ्याक्स: ५५५३१४८

वेभसाईट : www.nfdin.gov.np




तस्विर सौजन्यः सूचना, प्रकाशन तथा छात्रवृत्ति शाखाबाट हितकाजी गुरुङ

तस्विरः छात्रवृत्ति प्रदान गर्नु हुँदै उपाध्यक्ष थापा-मगर ढाका टोपीमा

# छात्रवृत्ति वितरण

■ **सूचना, प्रकाशन तथा छात्रवृत्ति शाखा**


गरिब तथा जेहेन्दार आदि(मूल)वासी विद्यार्थीहरूको शैक्षिक क्षेत्रमा सहभागिता अभिवृद्धि गर्नका लागि प्रोत्साहनात्मक क्याम्पस स्तरीय छात्रवृत्ति गत आ.व. २०७०/७१ मा प्रदान गरिएको थियो । प्रतिष्ठानले छात्रवृत्तिको लागि आवेदन आह्वान गरी ४६ आदिवासी जनजाति समूहबाट उच्च मावितर्फ-७१८,





स्नातक तह-१०६८, स्नातकोत्तर तह-२०७, स्नात्तकोत्तर शोधपत्र-५२, एमफिल-२७, पिएचडी-१४, प्राविधिक-४०४ र अपाङ्ग, द्वन्द्व पीडित, जन आन्दोलन घाइतेतर्फबाट ९१ गरी कूल २,५८१ दरखास्त (हेर्नू मुनिको बार र पाई चार्ट पनि) यस प्रतिष्ठानमा प्राप्त गरेको थियो ।


प्राप्त आवेदन र कागजातको आधारमा सक्दो समावेशी, नियमित र पारदर्शी बनाउन प्रतिष्ठानका सदस्य सचिवज्यूको अध्यक्षतामा गठित ११ सदस्यीय (नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघको प्रतिनिधि सहित) छात्रवृत्ति छनौट समितिले स्वीकृत मापदन्डहरू (जस्तैः प्राप्ताङ्क, लिङ्ग, संकाय, आवेदक संख्या, जनसंख्या, भौगोलिक क्षेत्र, विपन्नता, द्वन्द्व पीडित, सहिद परिवार आदि) को आधारमा सबै जाति र तहका विद्यार्थी छनौट गरी उच्च मावितर्फ-१२३, स्नातक तह-११९, स्नातकोत्तर तह-३७, स्नात्तकोत्तर शोधपत्र-१५, एमफिल-१२, पिएचडी-४, प्राविधिक-८५ र अपाङ्ग, द्वन्द्व पीडित, जन आन्दोलन घाइतेतर्फ ५५ सहित कूल जम्मा ४५० शिक्षार्थीलाई छात्रवृत्ति (हेर्नू मुनिको बार र पाई चार्ट पनि) प्रदान गरिएको थियो ।

छात्रवृत्तिका लागि छनौटमा परेका आदिवासी जनजाति विद्यार्थीहरूलाई अध्ययन निरन्तरताको लागि प्रतिष्ठानबाट आंशिक सहयोग मात्र प्राप्त हुने भए तापनि उच्च शिक्षा हासिल गरी देशको दक्ष तथा असल नागरिक बन्न प्रोत्साहन मिल्ने नै छ । सूचीकृत ५९ आदिवासी जनजातिमा कुनै पनि जाति प्रतिष्ठानको यस्तो कार्यक्रम सकभर बन्चित हुन नपरोस् भनी वर्गीकरणको आधारमा लोपोन्मुख समूह, अति सिमान्तकृत, सिमान्तकृत,



छात्रवृत्ति छनौट तथा वितरण (२०७०/७१)
अपाङ्ग, असहाय, द्वन्द्व पीडित
प्राविधिक
पिएचडी
एम. फिल.
एम.ए. थेसिस
उच्च मावि/स्नातक/स्नातकोत्तर
५५
८५
४
१२
१५
२७९
०
५०
१००
१५०
२००
२५०
३००


आ.ज. छात्रवृत्ति छनौट संख्या वर्गीकरणको आधारमा २०७०/७१
ङ. उन्नत समूह
१९ (४%)
क. लोपोन्मुख समूह
४० (९%)
घ. सुविधा वन्चित समूह
१२१ (२७%)
ख. अति सिमान्तकृत समूह
९३ (२१%)
ग. सिमान्तकृत समूह
१७७ (३९%)



आ.ज. छात्रवृत्ति २०७०/७१ मा विद्यार्थी सहभागिता
८००
६००
४००
२००
०
५२
३४
१०९
१०६
५६६
५७४
४३१
४१४
१३५
१६०
लोपोन्मुख समूह
अति सिमान्तकृत समूह
सिमान्तकृत समूह
सुविधा वन्चित समूह
उन्नत समूह
पुरुष
महिला


आ.ज.छात्रवृत्ति कार्यक्रम समूहगत आधारमा (२०७०/७१)
क. लोपोन्मुख समूह
८६ (३%)
ख.अति सिमान्तकृत समूह
२१५ (८%)
ग. सिमान्तकृत समूह
११४० (४४%)
घ. सुविधा वन्चित समूह
८४५ (३३%)
ङ. उन्नत समूह
२९५ (१२%)


वार्षिक बजेट विनियोजन
(रु.हजारमा)
६०००
४०००
२०००
०
३७००
४०००
४१५०
४५००
५०००
२०६७/६८
२०६८/६९
२०६९/७०
२०७०/७१
२०७१/७२


आ.ज. छात्रवृत्ति वितरण
(विगत ४ वर्षको)
(Target vs Achievement)
Target No.
Scholarship Received
६००
५००
४००
३००
२००
१००
०
४४४
४००
५०६
३३६
४५०
२०६७/६८
२०६८/६९
२०६९/७०
२०७०/७१

| आ.व | वितरित संख्या | वितरित रकम (रू हजारमा) | कैफियत |
|---|---|---|---|
| २०६७/६८ | ३५४ | ३७०० | उच्च मा.वि.देखि स्नातकोत्तर तहसम्म-२९९, स्नात्तकोत्तर शोधपत्र-१५, एमफिल-६, पिएचडी-४, प्राविधिक-३० |
| २०६८/६९ | ४४४ | ३९३६.८ | उच्च माविदेखि स्नातकोत्तर तहसम्म-३१७, स्नात्तकोत्तर शोधपत्र-२१, एमफिल-५, पिएचडी-६, प्राविधिक-४५, अपाङ्ग-४६, असहाय-४ |
| २०६९/७० | ५०६ | ४१५० | उच्च मा.वि.देखि स्नातकोत्तर तह सम्म - ३१२, स्नात्तकोत्तर शोधपत्र-२०, एमफिल-१६, पिएचडी-४, प्राविधिक-८० र असहाय, अपाङ्ग, द्वन्द्व पीडित, जन आन्दोलन घाइते-७४ |
| २०७०/७१ | ४५० | ४५०० | उच्च माविदेखि स्नातकोत्तर तह-२७९, स्नातकोत्तर शोधपत्र-१५, एमफिल-१२, पिएचडी-४, प्राविधिक-८५ र अपाङ्ग, द्वन्द्व पीडित, जन आन्दोलन घाइतेबाट ५५ |




सुविधा वन्चित र उन्नत समूहहरूलाई क्रमशः बढीदेखि कम प्राथमिकिकरण गर्दै समावेशीताको आधारमा सरोकारवाला संघ-संस्थाहरूसित साझेदारी र समन्वय गर्दै पिछडिएका आदिवासी जनजातिहरूको उत्थान र विकास गर्दै जाने प्रतिष्ठानको मूल उद्देश्य रहेको छ।

आ.व. २०७१/०७२ मा सूचना आह्वान अनुसार देशभर अध्ययनरत क्याम्पस स्तरका विद्यार्थीहरूबाट २०७१ कार्तिक ११ देखि मंसिर १२ गते अन्तिम म्यादसम्ममा रितपूर्वक आवेदन जम्मा ४७ जिल्लाका ४६ आदिवासी जनजाति समूहबाट उच्च मावि-४७९, स्नातक तह-५६७, स्नातकोत्तर तह-२५३, स्नातकोत्तर शोधपत्र-३०, एमफिल-१२, पिएचडी-९, प्राविधिक-३२० र अपाङ्ग, द्वन्द्व पीडित, जन आन्दोलन घाइतेबाट ९६ गरी कूल १७६६ आवेदन यस प्रतिष्ठानमा प्राप्त हुन आएको छ। ■

# आइएलओ १६९ कार्यान्वयन संसदीय समिति गठन

■ अन्तर्राष्ट्रिय सम्पर्क तथा अभिलेखीकरण विभाग

नेपालको संसद्ले ई. २००७ मा उत्पीडनमा पारिदै/पर्दै आएका आदिवासी जनजातिहरूको अधिकारको संरक्षण र सम्वर्द्धनका निम्ति पारित गरेको आएएलओ महासन्धी नं. १६९ को कार्ययोजनालाई पारित गराउन सबै पार्टीहरूको सभासदहरू सम्मिलित संसदीय समिति गठन गरिएको छ।

नेपाली कांग्रेसका सभासद् लक्ष्मी राई संयोजक र थरुहट तराई पार्टी नेपालका सभासद् गोपाल दहित सह-संयोजक र अन्य सभासदहरू सदस्य रहने गरी समिति गठन गरिएको हो। समितिका सदस्यहरूमा मा. शिवलाल थापा मगर, मा. अशोक कुमार राई, मा. केशरी घर्ती मा. लिला राना, मा. यसोदा लामा, मा. हर्कवोल राई, मा. जयन्ती राई, मा. श्रीप्रसाद जवेगु, मा. तुलसा राना, मा. राधा तिमिल्सिना, मा. सुर्यवाला राई, मा. आर. के. खम्बु, मा. मोहन टुडु, मा. पेम्बा भोटे, मा. तारा राई लगायतका सभासदहरू हुनुहुन्छ। सबै राजनीतिक दलका सभासद्हरूलाई सदस्यमा राख्दै लैजाने समेत समितिले निर्णय गरेको छ। समिति गठनको अवसरमा आजउरा प्रतिष्ठानले महासन्धी पारित गराउन संसदीय समितिलाई आवश्यक सहयोग पुऱ्याउन प्रतिवद्धता व्यक्त गर्दै डेक्स स्थापना गरेको छ।

यसका साथै नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति पत्रकार महासंघ, आदिवासी जनजाति युवा महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजातिहरूको अधिकारको लागि वकिल समूह (लाहुर्निप) ले पनि सो गठनमा ऐक्यवद्धता जनाउँदै समितिलाई सहजीकरण गर्न भौतिक र वौद्धिक सहयोग गर्ने प्रतिवद्धताका साथ उपस्थिति जनाएका छन्।




समिति गठनको अवसरमा सरकारले पारित गरिसकेको महासन्धीलाई कार्यान्वयनको लागि कार्ययोजना पारित नगर्दा सामाजिक सद्भाव र दिगो शान्तिमा प्रतिकूल प्रभाव पर्ने भन्दै धेरै भन्दा धेरै सभासद्हरूले समितिमा बसेर काम गर्ने समेत प्रतिवद्धता व्यक्त गरेको जानकारी दिइएको छ। ■



तस्विर सौजन्यः पदम वालाहाङ

तस्विरः पहिलो वर्षको एल्सुन टोली चरिकोट, दोलखा

# एल्सुन तीन जिल्लामा पूरा

■ प्राज्ञिक महाशाखा तथा अनुसन्धान टोली

आदि(मूल)वासीको भाषा-साहित्य, संस्कार, संस्कृति, समाज-मानवशास्त्र, ज्ञान र सीप आदिको वृहत्तर सूचना सङ्कलन, विश्लेषण र प्रकाशनको लक्ष्य राखी आ.व. २०६९/७० देखि आजउरा प्रतिष्ठानले नेपालको एथ्नोलिङ्गुइस्टिक सर्वे अव् नेपाल (Ethnolinguistic Survey of Nepal = ElSuN) 'जातिभाषावैज्ञानिक स्थलगत सर्वेक्षण' (एल्सुन) सुरू गरी हालसम्म सो कार्य जारी राखेको छ। प्रत्येक आ.व. मा १५ जिल्लाको सर्वेक्षण गरी जम्मा ५ आ.व.भित्रै सो सर्वेक्षण पूरा गरी प्रकाशन गर्ने लक्ष्य राखिएको भए पनि बजेट



तस्विर सौजन्यः प्रमिला किरावा (बान्तावा राई)

तस्विरः डढुवा गाविस रामेछापको तीनघरेस्थित थाङमी वस्तीमा जातिभाषा वैज्ञानिक सर्भेक्षण (दोस्रो वर्ष दोस्रो टोली) मा सहभागी थाङमी जनसमुदाय

अभावका कारण गत आ.व.सम्म मात्रै ३ जिल्लाको सर्वेक्षण कार्य पूरा गरिएको छ।

पहिलो सर्वेक्षण वैशाख-जेठ २०७० मा दोलखा जिल्लाबाट नमुनाको रूपमा सुरूवात गरिएको थियो। वैशाख २३ देखि ३ हप्ता ३ टोलीले त्यहाँका १२ वटा आदि(मूल)वासीहरूका स्थलगत अनुसन्धान कार्य सम्पन्न गरेका थिए। परियोजनाको अगुवाइ अमृत योन्जन-तामाङले गर्नु भएको थियो भने अनुसन्धाताहरूमा डा. ओमकारेश्वर महजू श्रेष्ठ, तेजमाया दुमी-राई, निराजन माङफाङ (किरावा राई), पदम वालाहाङ (किरावा राई), प्रेमचन्द्र कुलुङ राई र सोम चातेला धिमाल रहेका थिए।

दोलखाका मुख्य आदिवासीहरू थाङमी (थामी), जिरेल, सुरेल, दोलखा नेवाः (नेवार) जातिहरूमा केन्द्रित भई शेर्पा, तामाङ, किराँती-कोँइच (सुनुवार), माझी, कुमाल, भुजेल, मगर र गुरूङ जातिहरूमा पनि सर्वेक्षण गरिएको थियो। आ.व. २०७०/०७१ मा हिमाली २ र मध्य-पहाडको २ गरी ४ जिल्लामा यो सर्वेक्षण गर्ने प्रतिष्ठानको लक्ष्य रहे पनि रामेछाप र सिन्धुली गरी २ जिल्लाको मात्रै सर्वेक्षण सम्पन्न गरिएको थियो। यस आ.व. २०७१/७२ मा ४ जिल्लाको सर्वेक्षण गर्ने लक्ष्य राखिएको छ र त्यस कार्यको लागि एल्सुन टिम लिडर र अनुन्सन्धाताहरूको आवश्यकता सूचना *गोरखापत्र* दैनिक (१६ पुस २०७१) मा प्रकाशित गरी सकिएको छ। ■

# मातृभाषा वर्ण पहिचान

■ प्राज्ञिक तथा अनुसन्धान महाशाखा

आदिवासी जनजातिहरूद्वारा बोलिने बहु(ल) मातृभाषाहरूको संरक्षण र विकास गर्ने उद्देश्य अनुरूप आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आ.व. २०७०/७१ को बार्षिक कार्यक्रम अन्तर्गत तीन वटा भाषाहरूको वर्ण पहिचान कार्य सम्पन्न गरेको छ।

वर्ण पहिचान गरिएका भाषाहरूमा किराँती-छुलुङ र किराँती-फाङ्दुवाली मातृभाषा (हिले, धनकुटा) साथै रामेछापको किराँती-हायू भाषा रहेका छन्।

सो कार्यक्रममा जिल्लामा बाहुल्य रूपमा वसोवास गरिरहेका सोही भाषिक समुदायबाट २० देखि ३० जना सहभागीहरूको उपस्थिति रहेको थियो–जसमा शिक्षक, विद्यार्थी, पत्रकार, समाजसेवी, वृद्धा, महिला, पुरूषको सहभागिता थियो। साथै सहभागीको उमेरलाई पनि ध्यान दिइएको थियो। उद्घाटन सत्रमा सोही भाषिक समुदाय र

तस्विरः किराँती-फाङ्दुवाली वर्ण पहिचान कार्यक्रममा भाषिक सहभागी, स्रोत व्यक्ति तथा प्रतिष्ठानको कर्मचारी, हिले, धनकुटा



तस्विर सौजन्यः प्राज्ञिक तथा अनुसन्धान महाशाखाबाट मेनुका घिसिङ र सरिना गुरुङ




तस्विर सौजन्यः प्राज्ञिक तथा अनुसन्धान महाशाखाबाट मेनुका घिसिङ र सरिना गुरुङ

तस्विरः किराँती-छुलुङ वर्ण पहिचान कार्यक्रममा भाषिक सहभागी, स्रोत व्यक्ति तथा प्रतिष्ठानको कर्मचारी, हिले, धनकुटा




तस्विर सौजन्यः निराजन माङफाङ (किरावा= बान्तावा राई) स्रोतव्यक्ति

तस्विरः किराँती-हायु वर्ण पहिचान कार्यक्रममा भाषिक सहभागी, स्रोत व्यक्ति तथा प्रतिष्ठानको कर्मचारी रामेछाप

जिल्लाका जातीय संस्थाका अध्यक्ष साथै आदिवासी जनजाति महासंघको अध्यक्षको पनि उपस्थिति रहेको थियो। कार्यक्रमको स्रोत-व्यक्तिका रूपमा पदम वालाहाङ (किरावा=बान्तावा राई), तेजमाया दुमी-राई, भीम किसान र निराजन माङफाङ (किरावा=बान्तावा राई) रहेका थिए।

भाषा विकासको शुरूवात वर्ण पहिचान (स्वर र व्यन्जन सहित) बाट शुरू हुने भएकोले भाषालाई लिपिवद्ध गर्न समेत यस्तो कार्यक्रम उपयोग हुने गर्दछ। मानव जीवनमा भाषा अति महत्त्वपूर्ण विषय हुने भएकोले यसको संरक्षण-प्रवर्द्धन गरी साहित्य सिर्जनातर्फ वक्ताहरूलाई उन्मुख गराउन पनि वर्ण पहिचान कार्यक्रम अत्यन्तै उपयोग हुन्छ। ■

## शब्दकोश वर्ष मनाइने

# प्रकाशन कार्यमा फड्को

■ प्राज्ञिक तथा अनुसन्धान महाशाखा

जातिशास्त्रीय चिनारी (Ethnographic Profile) पुस्तक, अनुसन्धनात्मक तथा साहित्यिक आदि बग्रेल्ती प्रकाशनहरू ल्याई सकेको प्रतिष्ठानले आ.व. २०७१/०७२ लाई **शब्दकोश वर्ष** मनाउने तयारीमा कम्मर कसेर लागी परेको छ। आगामी असार २५ मा शब्दकोश वर्ष मनाउनका लागि माझी, लोवा (ल्होपा), किराँती-आठाप्रे, किराँती-याक्खा र चेपाङ गरी पाँच भाषिक समुदायका शब्दकोशहरूको प्रकाशन प्रक्रिया द्रुत गतिमा भई रहेको छ।

यस अघि प्रकाशनमा आएका जातिशास्त्रीय विवरणिकाहरूमा मगर, माझी, नेवार, चेपाङ, मार्फा थकाली, किराँती-कोँइच (सुनुवार), तीन-गाउँले थकाली, बाह्र-गाउँले थकाली, शेर्पा, बोटे, गुरुङ, उराँव (झाँगड), तामाङ, धिमाल, याक्खा, याक्थुङ (लिम्बू), लेप्चा, नुप्रिवा (लार्के) गरी १८ छन्।

प्रत्येक श्रृङ्खलामा जातिको ऐतिहासिक, भाषिक-साहित्यिक, धार्मिक-साँस्कृतिक, भौगोलिक, सामाजिक, आर्थिक तथा जनसांख्यिक अवस्था झल्किने विरणात्मक तथ्यहरू समेटिएका छन्। जातिहरूको भूमि तथा प्राकृतिक स्रोत साधनमा निर्भरता, जीवनचक्र, शिक्षा, स्वास्थ्य, सामाजिक संरचना, रीतिरीवाज तथा प्रथाजन्य कानुन समेत पुस्तकमा समावेश गरिएका छन्।

अध्ययनको प्रथम चरणमा छन्त्याल, धानुक, झाँगड, राउटे, व्याँसी, राजी, मेचे, भुजेल र कुसुन्डा जाति रहेका थिए। आ.व. २०६५/६६ देखि नै चरणबद्ध रूपमा अध्ययनको थालनी गरिएको थियो। दोस्रोमा किसान, दुरा, सुरेल, माझी, हायु, लेप्चा, चेपाङ, सतार, थामी, जिरेल, दनुवार, बराम, किराँती-कोँइच (सुनुवार), थारू, तामाङ, कुमाल, राजवंशी, गन्गाई, भिमाल, दराई पहरी, माझी, बोटे, शेर्पा ताजपुरिया, तमू (गुरुङ), मगर, राई, लिम्बू, थकाली, मार्फा थकाली, तीन-गाउँले थकाली, याक्खा, बाह्र-गाउँले र नेवार गरी ३५ जातिको अध्ययन गरिएको थियो। तेस्रो चरणमा भोटे, वालुङ, ताङबे, ल्होपा, मुगाल, डोल्पो, सियार, नुप्रिवा (लार्के), तोप्केगोला, थुदाम र ल्होमी गरी ११ जातिको अध्ययन पूरा भई सकेको भए तापनि जातीय संस्थाकै कारण प्रकाशनमा ढिलाइ भई रहेको छ। विवादका कारण ह्योल्मो जातिको अध्ययन भने अझैसम्म हुन सकेको छैन।

साहित्य र अनुसन्धानका अरू प्रमुख प्रकाशनहरू पनि धमाधम आउने क्रम जारी छ। ती प्रकाशनहरूको लाइब्रेरी अव् कङ्ग्रेस (Library of Congress), अमेरिकाबाट पनि माग भई रहेको छ। यस आ.व.को **शव्दकोश वर्ष** मनाउने योजना एवं निर्णयले पनि यस्तो प्रकाशनको महत्त्व झनै बढेको छ। ■

# संविधान सभामा आदिवासी जनजातिहरूको मुद्दा

■ टोप बलाल मगर

संविधान सभा मूलतः मुलुकका लागि नयाँ संविधान निर्माण गर्ने एउटा अधिकारप्राप्त एकाईको स्वरूप हो। यद्यपि, यसको गठन विधि र स्वरूप एकै प्रकारको हुदैन। भिन्न-भिन्न देशहरूका आ-आफ्नै बेग्ला-बेग्लै अनुभवहरू छन्। संसारमा संसदलाई नै संविधान मस्यौदाको अधिकार प्रत्यायोजन गरी त्यसलाई संविधान सभाको रूप दिइएको दृष्टान्तहरू पनि छन्।

मनोनित सदस्यहरूको नै चयन गरी संविधान सभा गठन गरिन प्रचलन कतैकतै पाइन्छ। तर जनताको प्रत्यक्ष मतदानद्वारा निर्वाचन गरेर पठाइएका प्रतिनिधिहरूबाट संविधान सभाको गठन गर्ने प्रक्रिया विश्वका थुप्रै देशहरूमा प्रचलित छ। कतिपयले संविधान सभाको सवाललाई केवल प्रक्रियागत प्रसंगको रूपमा मात्र पनि बुझ्ने गरेको पाइन्छ।

तर पनि सार रूपमा यो संविधान निर्माणको एउटा प्रभावकारी प्रक्रिया मात्र नभई जनताका सार्वभामिकतालाई पूर्णता दिने सैद्धान्तिक मान्यताको अभ्यास पनि

तस्विरः संविधान सभा हल, नयाँ बानेश्वर



हो । जनता नै सर्वोच्च हुन् र उनीहरूमा राज्य-सत्ता र सर्वाभौम-सत्ता निहीत छ भन्ने लोकतान्त्रिक मान्यताको व्यवहारिक अनुवाद पनि हो ।

हाल नेपालमा अत्यधिक चर्चामा रहेको आम सरोकारको विषय बनेको संविधान सभा भनेको लोकतान्त्रिक आन्दोलन मार्फत् नागरिकहरूले प्रकट गरेका अभिमत र त्यसले ल्याएका परिवर्तनलाई राजनीतिक रूपमा संस्थागत गर्ने दायित्व हो । नेपालको लागि नया संविधान निर्माणका लागि एउटा प्रतिनिधिमूलक सभाको गठन गर्नु र त्यसका लागि निर्वाचन सम्पन्न गराउनु यस प्रक्रिया अन्तर्गतको जिम्मेवारी हो । संवैधानिक प्रक्रियाको सुरूवात ई. १९४७ (सं. २००४ साल) पछि मात्र भएको हो । त्यस अगाडि शाह वंशीय राजा र राणा प्रधानमन्त्रीहरूको हुकुम-प्रमांगीका आधारमा राज्य प्रणाली सन्चालन हुदै आएको थियो । राणा प्रधानमन्त्री पद्‌म सम्शेरको हुकुम बमोजिम विशेषज्ञहरूका मस्यौदाबाट नेपाल सरकारको वैधानिक कानुन घोषणा गरिएको थियो । तर ई. १९५० (सं. २००७) सालको क्रान्तिसंगै यस संविधानले कार्यान्वयन हुने अवसर पाएन ।

राजनीतिक परिवर्तन पश्चात् बनाइने संविधानले वैधानिक रूपमा मूलतः ३ वटा आधारभूत विषयलाई सम्बोधन गर्नु पर्दछ । पहिलो हो–जनताले विगतमा भोगेको ऐतिहासिक अन्याय । दोस्रो, जनताले राजनीतिक परिवर्तनको सन्दर्भमा राखेका परिवर्तनको चाहना साथै तेस्रो, राष्ट्र र जनताको सम्मानित भविष्य (dignified future life of the people) को प्रष्ट गन्तव्य ।

यी ३ आधारभूत विषयवस्तु राष्ट्रिय अखन्डता, एकता, समृद्धशाली राज्य/राष्ट्र, सामाजिक न्याय, दिगो शान्ति र विकासका आधार स्तम्भहरू पनि हुन् । यी तीनै विषय-वस्तु अब बनाइने नयाँ संविधानको विकल्पहीन अपरिहार्य पूर्व शर्तहरू समेत हुन् ।

दक्षिण अफ्रिकामा संविधान निर्माण प्रक्रिया सुरू गर्न अगाडि नै संविधानले सम्बोधन गर्नु पर्ने न्यूनतम आधारभूत शर्त तोकिएको थियो । यसरी आधारभूत शर्त (ground rule) नियममै तय गरिएको कारणले सजिलै संविधान निर्माण भएको अनुभवलाई दृष्टिगत गरी हाम्रो पनि भावी संविधानको आधारभूत पूर्व शर्त राख्नु पर्दछ भन्ने विभिन्न कोणबाट आवाज नउठेका होइनन् । तथापि, राजनीति तथ्य निर्माण प्रक्रियामा पकड रहेकाहरू जो आफुले राज्य/राष्ट्रमा हालसम्म एकलौटी उपभोग गरिरहेका सुविधाभोगीहरू आफ्नो हालीमुहालीमा आँच आउँछ भन्ने खराब नियत/विचार राख्दछन् ।

उनीहरूको नकरात्मक भूमिकाका कारण नै दक्षिण अफ्रिकाको जस्तै नेपालको नयाँ संविधानका आधारभूत शर्त तोक्न सकिएको छैन । परिणामतः संविधान सभा आज सुस्त र दिशाहीन बन्न थालेका मात्र नभई संविधान नै बन्दैन भन्ने व्यापक आशंका चारैतिरबाट उठ्न थालेको छ ।

नेपालले लिखित संविधानको अभ्यास गरी आएको हुनाले संविधान बनाउनुको विकल्प छैन । तर नयाँ संविधानमा विगतमा ऐतिहासिक अन्यायमा परेका जनताहरूको पीडाहरूलाई संवोधन गर्ने र त्यस अन्यायको असरबाट न्यायोचित ढङ्गले क्षतिपूर्ति सहित मुक्त गर्ने व्यवस्था गरिन्छ नै भन्ने विश्वस्त आधारहरू देखिदैन ।

नेपाल राज्य/राष्ट्र स्थापना तथा स्थापना पश्चात् शासन गर्दा अपनाइएका तरिका, शासन व्यवस्था, कानुन, नीति र व्यवहारबाट आदिवासी जनजाति, दलित, मुस्लिम, महिला, मधेसी आदि ऐतिहासिक अन्यायमा परेका समुदायहरू हुन् । यद्यपि, समग्र जनताहरू पहिचान, तिनका अवस्था, समस्या सवाल आदिका आधारमा भिन्न

रहेका हुनाले नयाँ संविधानमा गरिने एउटै प्रकारको व्यवस्थाले सबैलाई समान स्तरमा न्याय दिन सक्दैन।

त्यति मात्र होइन एउटै प्रकारको व्यवस्था वा उपायले न्याय भन्दा पनि द्वन्द्व थप्ने कार्य मात्र गर्ने भएकाले संविधान यी समूहका बारेमा समुदायको समस्या र सवाललाई दृष्टिगत गरी छुट्टा-छुट्टै व्यवस्था गर्नमा सचेत हुन अन्तन्तै जरूरी छ।

यस आलेखक आदि(मूल)वासी जनजाति भएको कारण यसैमा मात्र केन्द्रित छ। किनकी आदिवासी जनजाति समुदायले भोगेको ऐतिहासिक अन्यायको प्रकृति अन्य समुदायको भन्दा पृथक छ। तर यसको अर्थ अरू समुदायको समस्या कम महत्त्वको भन्ने चाहिँ किमार्थ होइन। नेपालको राज्य/राष्ट्र निर्माण प्रकृया (nation building process) सँग आदि(मूल)वासी/जनजातिहरूको अस्तित्व, पहिचान, अधिकार र स्वाधिनता गुमेको सवालमा गम्भीर रूपमा गाँसिएको छ।

ऐतिहासिक तथ्य के हो भने ६४ वटा भन्दा बढी राज्य/राष्ट्रहरूलाई निर्मम तथा बर्बरतापूर्वक गाभेर गोर्खा राज्य विस्तार गरी यसको सीमालाई नेपाल नामकरण गरिएको हो। ती बर्बरता खेप्ने अधिकांश राष्ट्रहरू आदि(मूल)वासी जनजातिहरूका थिए। आ-आफ्नै तौरतरिकाले शासन व्यवस्था गर्दथे।

इतिहासविद् महेशचन्द्र रेग्मी अनुसार वर्तमान नेपालको पूर्वी भागको लिम्बु शासन र पृथ्वी नारायण शाह बिच सं. १८३१ मा एकतर्फी सन्धि (unilateral treaty) गरी लिम्बुवानलाई तत्कालीन गोर्खा राज्यमा गाभिएको थियो।

अन्तर्राष्ट्रिय कानुन (Viena Convetion on Law Treaty Article 2 a) को मान्यता अनुरूप सार्वभौम राष्ट्र-राष्ट्र विच राष्ट्र आदि(मूल)वासी जनजातिहरू बीच सम्झौताहरू, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धारा ३५ र आदिवासीहरूको अधिकार सम्बन्धी अन्तराष्ट्रिय घोषणा पत्रको धारा ३७ अनुसार हुने गर्दछ। कानुनका यी दुई मान्य सिद्धान्तका आधारमा गोरखा राज्य नेपालमा गाभिनु अगाडिका तत्कालीन आदि(मूल)वासी राष्ट्रहरू र वर्तमानका आदिवासी जनजातिहरू सार्वभौम जनताहरू हुन्। सार्वभौम भन्नाले विना बाह्य हस्तक्षेप आफुले आफैंलाई शासन गर्ने शक्ति अन्तर्राष्ट्रिय जनतालाई मानिन्छ।

आदि(मूल)वासी जनजातिहरू, गैर-आदिवासी जनजाति राजनीतिज्ञहरूका मातहतका भरिया मात्रै भए। यसो हो भने नेपालको एकीकरण के हो त ? वास्तवमा पृथ्वी नाराण शाहले छलछामी, मितेरी र खुनी उपाय अपनाएर आफ्नो शक्ति, सम्पत्ती र गौरव बढाउने कार्य भू-भाग विस्तार संगसंगै गरे। मर्स्याङ्गदी र काली-गन्डकी क्षेत्रका मगरात, तमुवान तत्कालीन अवस्थामा आदि(मूल)वासी जनजातिहरूका राज्य भएकाले कसको वर्चश्व कसले लुट्यो इतिहासमा प्रष्ट छ। स्वतन्त्र र सार्वभौम राज्यलाई हरण गर्नु सर्वसाधारणको सम्पत्ति लुटपाट गर्नु कानुनी दृष्टिले एकीकरण नभई अतिक्रमण (aggression/invasion) हो। त्यसैले विद्वान् महेशचन्द्र रेग्मीले भन्नु भए झैं नेपाल राज्य स्थापना गोरखा साम्राज्यको विस्तार थियो।

उल्लिखित ऐतिहासिक तथ्यहरूले आदि(मूल)वासी जनजातिहरू विगतमा उपनिवेशवादी जाँतोमा पिधिंएको स्पष्टै छ। त्यसैकारण उनीहरू आफ्नै भूमिमा अनिस्थ र पराधीन भेदभाव, गम्भीर ऐतिहासिक अन्याय र पीडाबाट गुज्रीरहेका छन्। यसलाई नयाँ संविधानले अनिवार्य सम्बोधन गर्नु पर्दछ।

औपनिवेशिक भूमरीमा परेका राज्य र जनताको अधिकारको सम्बोधनको

एउटै मात्र वैधानिक उपाय आत्मनिर्णयको अधिकारको संवैधानिक प्रथ्याभूति हो । ई. १९९० पश्चात् नेपाल जस्तो विविधता भएका देशहरूमा निर्माण गरिएका अधिकांश संविधानहरूमा आदि(मूल)वासीहरूप्रति भएको ऐतिहासिक अन्यायलाई सम्बोधन गर्न आत्मनिर्णयको अधिकारलाई प्रत्याभुति गरिएको छ ।

नेपालमा आत्मनिर्णयको अधिकार दिइनु हुन्न किनभने यसले राज्यमा विखन्डन ल्याउँछ भनी तर्क गर्नेहरू पनि भेटिन्छन् । यसरी विरोध गर्नेहरू कानुनविद्, राजनीतिज्ञ वा जुनसुकै पेशा, वर्गका मानिस भए तापनि उनीहरू राज्य-सत्तामा वर्चश्व रहेका उपनिवेशवादी चिन्तनग्रस्त गैर-आदिवासी जनजाति समुदायकै सदस्यहरू छन् ।

तस्विरः संविधान सभा हल, नयाँ बानेश्वर



अन्तर्राष्ट्रिय क्षेत्रमा पनि आदि(मूल)वासीहरूको आत्मनिर्णयको अधिकारलाई अन्तर्राष्ट्रिय कानुनका प्रत्याभूत गर्ने दौरानमा जमेर विरोध गर्नेहरू पनि यस्तै औपनिवेशवादी (colonizer) नै थिए/छन्–जो विगत र वर्तमानमा आदिवासी जनजातिहरूका राज्य खोसी शोषण गर्ने र अरूलाई आफ्नो अधिनमा राखेर बहिष्करण, विभेद, शोषण र मानवीय आत्मसम्मान (human dignity) लाई समाप्त पार्दै आफ्नो अभिष्ट पूरा गर्नेतर्फ सदैव लागीपरेका छन् । अझै कानुन, नीति, नियम बनाउने बखतमा त उनीहरूले चरम चलखेल गर्ने भएकोले आदि(मूल)वासी समुदाय सचेत हुन अपरिहार्य छ । ऐतिहासिक अन्यायका पीडितहरू यसको विरूद्धमा आफ्ना विविधताका बावजूद रणनीति हिसावले एक हुन जरूरी छ ।

नेपालमा पनि हाल आदिवासी जनजातिको आत्मनिर्णयका अधिकार विरोधीहरूले ३ वटा रणनीति अख्तियार गरेका छन् । जस्तैः

पहिलो–आत्मनिर्णयको अधिकारलाई संविधानमा राख्नलाई हरहालतमा रोक्ने वा अवरोध सिर्जना गर्ने ।

दोस्रो–पहिलो रणनीतिमा विफल भए गोलमटोल भाषामा आत्मनिर्णयको अधिकार लेख्ने मौलिक हकको रूपमा नराखी प्रयोजननीति बनाउने, र

तेस्रो–सबै जनताको आत्मनिर्णयको अधिकार हुन्छ भन्ने लेख्ने ।

माथिका ३ वटै रणनीति सफल भए आदि(मूल)वासी जनजातिको आत्मनिर्णयको अधिकार उल्लंघन हुनेछ । यसमा केही आदिवासी जनजाति समुदायका व्यक्तिहरू औपनिवेशवादीहरूलाई ताली ठोक्ने गर्दछन् । उनीहरू बाहेक समग्र आदि(मूल)वासी जनजातिहरूको अवस्था विगतको भन्दा सारभूत रूपमा पृथक रहेको

पाइदैन । आदि(मूल)वासी जनजातिहरू विगतमा झैं पुनः अरू भन्दा नियन्त्रीत भई पराधीन बन्नेछन्  र उनीहरूले दावी गरी रहेको राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक लगायत स्वतन्त्रता गुमाउने छन् । आदि(मूल)वासी जनजातिहरूको भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकार, उनीहरूको पहिचान, अस्तित्व र जीवन निर्वाहसंग जोडिएको सबथोक गुमाउने छन् । आदिवासी जनजातिहरूको प्रथा जाति मान्यता अनुरूप भूमिलाई आमा (Mother Earth) र वनजंगल लगायतका प्राकृतिक स्रोतलाई आफ्ना वासस्थान मान्ने भएकोले भूमि तथा प्राकृतिक स्रोतमा आदि(मूल)वासी जनजातिहरूको सार्वभौम अधिकार रहन्छ ।

अन्तराष्ट्रिय कानुनको अर्को मान्य सिद्धान्त अनुसार आफ्नो राज्य सीमाभित्र भएका भूमि साथै प्राकृतिक स्रोतमा राष्ट्रको सार्वभौम अधिकार रहन्छ । राष्ट्र र राष्ट्र विचको सवालमा सम्बन्धित देशको भूमिमा त्यही देशको अधिकार हुन्छ भने त्यस राष्ट्रभित्रको आदि(मूल)वासी जनजातिहरूको भूमिमा उनीहरूको नै सार्वभौम अधिकार रहन्छ । राज्यले हस्तक्षेप गर्न मिल्दैन । यो अन्तर्राष्ट्रिय कानुनको बाध्यकारी सिद्धान्त हो ।

त्यसो हो भने गैर-आदिवासी कहाँ जाने ? भन्ने प्रश्नको सन्दर्भमा आदि(मूल)वासी जनजातिहरूको भूमि खोस्नेहरू नै कानुन बनाउने ठाउँमा भएका कारण आदि(मूल)वासी जनजातिहरूको भूमि खोस्ने कानुन बनाएर आदि(मूल)वासी जनजातिको भूमि र प्राकृतिक स्रोत खोसेको भेटिन्छ/देखिन्छ । त्यसैले विद्यमान कानुनले भूमि खोस्नेहरूको पृष्ठपोषण गर्दछ । यहाँ कसैलाई स्थान नदिने भन्दा पनि आदि(मूल)वासी जनजातिको भूमिको सार्वभौमिकतामा राज्यले हस्तक्षेप नगर्ने हो र त्यसलाई विभिन्न उपायद्वारा सम्बोधन गर्न सकिन्छ । विना सहमति गैर-कानुनी ऐन बनाएर जवर जस्ती लिएका भूमि या त फिर्ता दिनु पर्दछ; या त न्यायोचित क्षतिपूर्ति दिइनु पर्दछ ।

**भारत**मै पनि आदिवासीहरूको भूमि संवैधानिक रूपले संरक्षित गरिएको भेटिन्छ/देखिन्छ । **कोलोम्विया**को संविधान धारा ६३ मा आदिवासी समुदायको भूमिलाई कसैले खोस्न नमिल्ने अधिकारको रूपमा राखिएको छ । **इक्वेडर**को संविधान धारा ५७ मा आदिवासीहरूले भूमिकरबाट मुक्त हुने व्यवस्था छ । **बोलिभिया**को संविधान धारा ३७  र ४-६ मा आफ्नो भूमिमा आदि(मूल)वासीहरूको आत्मनिर्णयको अधिकारको लागू हुने व्यवस्था छ । तसर्थ, अन्तराष्ट्रिय कानुन, प्रचलित अभ्यासको आधार र आवश्यकताका आधारमा आदिवासी जनजातिहरूको भूमिको अधिकारलाई संविधानमा लेखिनु पर्दछ ।

जनता आफैंले संविधानको निर्माण गरी त्यसलाई लागू गरेको विश्वको सबै भन्दा पहिलो दृष्टान्त **संयुक्त राज्य अमेरिका**मा हो । ई. १७८६ **संयुक्त राज्य अमेरिका**को फिलाडेल्फिया राज्यमा भेला भएका ५५ जना प्रतिनिधि आफैंले मस्यौदा तयार गरी जारी गरिएको संविधान आजसम्म पनि निरन्तररुपमा क्रियाशील रही आएको छ । त्यसलाई नै संविधान सभाको माध्यमबाट निर्माण गरिएको संसारको पहिलो र सफल संविधान मानिन्छ ।

नेपालको दक्षिणी छिमेकी राष्ट्र भारत बेलायती उपनिवेशबाट स्वतन्त्र भई सकेपछि राज्यको पुनःसंरचना र भावी राजनितिक व्यवस्था निधो गर्न ई. १९४७ मा संविधान सभा गठन गरिएको थियो । यद्यपि, त्यसमा केही राज्यहरूबाट निर्वाचित प्रतिनिधिहरू थिए भने २५% बेलायती सरकारद्वारा मनोनित व्यक्तिहरू थिए । डा. अम्बेडकरको अध्यक्षतामा गठित संविधान



तस्विरः संविधान सभा हल, नयाँ बानेश्वर

सभाले झन्डै ३ वर्ष लगाएर स्वतन्त्र भारतको संविधान निर्माण गरेको थियो। विश्वको सबै भन्दा विस्तृत र ठूलो भनिने यस संविधानलाई पनि एउटा प्रभावशाली र सफल संविधानको रूपमा लिने गरिन्छ।

संसारमा संविधान सभाको माध्यमबाट निर्माण गरिएको पछिल्लो र सफल संविधानको रूपमा दक्षिण अफ्रिकाको संविधानलाई उल्लेख गर्ने गरिएको छ। रंगभेद विरूद्धको सदियौं पुरानो जातीय मुक्ति संघर्षको अन्त्य संगसंगै त्यहाँका काला र गोरा जाति विच सद्भाव र सहयोगको राजनीतिक वातावरण निर्माण गर्ने अन्यन्त संवेदनशील तथा चुनौतीपूर्ण समस्याको समाधान संविधान सभाको प्रक्रिया मार्फत् सफलतापूर्वक सम्पन्न गरिएको थियो। ई. १९९४ मा संविधान सभाको प्रक्रियामा प्रवेश गरेर त्यसलाई ई. १९९७ सम्ममा सम्पन्न गरी नयाँ निर्वाचित तथा लोकतान्त्रिक राज्य-सत्ता खडा गऱ्यो दक्षिण अफ्रिकाले। नेपाल जस्तै बहुसंस्कृति, धर्म र भाषा भएको सामाजिक परिस्थितिमा कसरी संविधान सभाको माध्यमबाट सबैलाई समावेशी गर्दै राज्यको पुनःसंरचना गर्ने काम सम्पन्न गर्न सकिन्छ भन्ने अनुकरणीय उदाहरण नै दक्षिण अफ्रिका हो।

नेपालका आदि(मूल)वासी जनजातिहरूले आफ्नो स्थापना कालदेखि निरन्तर रूपमा प्रमुख मुद्दाको रूपमा उठाउँदै आएका मुद्दाहरू हुन्–समुदायगत पहिचान, जल, जंगल, र जमिन सहित भूमिमाथि स्वामित्वको अग्राधिकार, साँस्कृतिक, भाषिक, समान अधिकार, धर्म निरपेक्षता (secularism), राज्यको सबै तहमा जातीय र जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व, संघात्मक स्वरूपमा राज्यको पुनःसंरचना र आत्मनिर्णयको अधिकार सहितको सुनिश्चिता। त्यसका निमित्त नयाँ संविधान निर्माण गर्न संविधान सभाको प्रक्रियामा प्रवेश गर्नु अत्यावश्यक छ।

तर यी मुद्दाहरू वर्तमान सामन्ती तथा साम्प्रदायिक विभेदकारी राज्य संरचना यथावत् राखेर समाधान हुन सक्ने कुरा आउदैन। गैर-हिन्दु, गैर-खस समुदायकहरूको विरूद्ध जात, जाति, भाषा, धर्म, सँस्कृतिका आधारमा जारी राखेको दमन शोषण र पक्षपातको स्थिति त्यस राज्यसत्ताको अवशेष कुनै रूपमा रहीरहेसम्म अशान्ति रहिरहन्छ।

यी सम्पूर्ण बर्बादीको न्यायोचित सम्वोधन तब मात्र सम्भव हुन्छ; जब आदि(मूल)वासी जनजातिहरूको स्वपहिचान स्वनिर्णयको आधारभूत सैद्धान्तिक आधारमा जातीय स्व-शासनको अधिकार प्रत्याभूत गर्दै वर्तमान राज्यको संघात्मक स्वरूपमा पुनःसंरचना गर्नु पर्दछ भन्ने नै नेपालका आदि(मूल)वासी जनजातिहरूको आस्था एवं माग पनि हो। उनीहरूले राजनीतिक निकायमा आफैंले राजनीतिक नेतृत्व गर्ने अग्राधिकार उनीहरूको समुदायमै सुरक्षित रहनु पर्दछ।

अन्तराष्ट्रिय अनुभव संगालेर संविधान निर्माण गर्ने क्रममा यहाँ उल्लिखित ऐतिहासिक तथ्यहरूको कार्यान्वयन भएको खन्डमा राष्ट्र वा देशले दिगो शान्तिको अनुभूति गर्न पाउनेछ। होइन भने नेपाल अनन्त कालका लागि द्वन्द्व नै द्वन्द्वको भूमरी फसीरहने कुराको निर्क्योल संविधान सभाभित्रको तान्डव नृत्यले संकेत गरी सकेको छ। यस्तो द्वन्द्वको भूमरीबाट अविलम्ब बचाऔं र बचौं। ■

# चेपाङ विकास कार्यक्रम

■ **योजना शाखा र अनुगम तथा तालिम महाशाखा**

अति सिमान्तकृत अवस्थामा रहेका चेपाङ समुदायको आर्थिक, सामाजिक, शैक्षिक आदि विविध पक्षहरूको उत्थानको निम्ति प्रतिष्ठानद्वारा चेपाङ विकास कार्यक्रम (चेविका) सन्चालन हुदै आएको छ। उनीहरूको जनसंख्या २०५८ को जनगणना अनुसार ५३,२३६ रहेको छ। तत्कालीन श्री ५ को सरकारद्वारा २०३४ साल देखि प्रजा[1] विकास कार्यक्रम सन्चालन हुदै आएको छ।

स्थानीय विकास मन्त्रालय मार्फत् कार्यान्वयन हुदै आएको प्रजा विकास कार्यक्रम आर्थिक वर्ष २०५८/०५९ देखि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा समावेश भएको सो कार्यक्रम प्रतिष्ठानले सम्वन्धित जिल्ला विकासहरू मार्फत् कार्यान्वयन तथा सन्चालन गर्दै आएको छ। गोरखा (१,६२८)[२], धादिङ (८,४४९), चितवन (२१,५३६) र मकवानपुर (१६,०३६) जिल्लाहरूमा सन्चालन हुदै आएको सो कार्यक्रम आर्थिक वर्ष २०६५/०६६ देखि अन्य दुई जिल्लाहरू तनहुँ (१६३) र लम्जुङ (५७)

[1] राजा महेन्द्रले वि. सं. २०२८ सालमै च्योवाङ (परिवर्तित रूप चेपाङ) आदि(मूल)वासीलाई प्रजा नामकरण गरेका हुन्।

[२] जिल्लाहरूको नाम पछाडि कोष्ठभित्र च्योबाङ -> चेपाङहरूको जनसंख्या दिइएको छ।

तस्विरः चेविकामा सहभागी चेपाङ सरोकारवालाहरूसंग पदाधिकारी सदस्य सचिव देव्रतिर केन्द्र साथमा अनुगमन कर्मचारी दाहिनेतिर



तस्विर सौजन्यः लेखा शाखाबाट अजय चेपाङ

**तालिका ३: चेपाङ विकास कार्यक्रममा २०५८ देखि २०७२ सम्म**

| आ.ब. | जिल्लाहरू | बजेट |
|---|---|---|
| २०५८/०५९ | ४ जिल्ला | ३५,००,०००/- |
| २०५९/०६० | " | ३५,००,०००/- |
| २०६०/०६१ | " | ३५,००,०००/- |
| २०६१/०६२ | " | ३५,००,०००/- |
| २०६२/०६३ | " | ३६,००,०००/- |
| २०६३/०६४ | " | ३७,००,०००/- |
| २०६४/०६५ | ६ जिल्ला | ४५,००,०००/- |
| २०६५/०६६ | " | ४५,००,०००/- |
| २०६६/०६७ | " | ४६,००,०००/- |
| २०६७/०६८ | " | ९५,००,०००/- |
| २०६८/०६९ | " | ५०,००,०००/- |
| २०६९/०७० | " | ४०,००,०००/- |
| २०७०/०७१ | " | ६०,००,०००/- |
| २०७१/०७२ | " | ६६,००,०००/- |
| जम्मा ६,६०,२०,०००/- (अक्षरेपी ६ करोड ६० लाख २० हजार मात्र) | | |

स्रोतः योजना र अनुगमन तथा तालिम महाशाखाको रेकर्ड

थप भई ६ वटा जिल्लाहरूमा सन्चालन हुदै आएको छ।

साथै आर्थिक वर्ष २०६४/०६५ देखि प्रजा विकास कार्यक्रमको नाम परिवर्तन भई चेविकाको रूपमा बजेट निकासा (तालिका ३) भएको छ। जिल्लाहरूमा चेविका सन्चालनका लागि कार्यान्वयन प्रक्रियामा स्थानीय विकास अधिकारीको संयोजकत्वमा ५ सदस्सीय सन्चालक समिति गठन गरिन्छ। यसमा सम्वन्धित जिल्लाको नेपाल चेविका हेर्ने कर्मचारी १ जना, नेपाल चेपाङ संघ जिल्ला कार्य समितिको अध्यक्ष र प्रतिष्ठानबाट मनोनयन गरेको एक जना चेपाङ महिला र एक जना पुरुष गरी ५ जनाको समितिको निर्णयबाट कार्यक्रमहरू सन्चालन तथा कार्यान्वयन हुदै आएको छ।

हालसम्मको वार्षिक कार्यक्रम योजना तर्जुमा गर्दा उनीहरूकै प्रत्यक्ष तथा सक्रिय सहभागितामा बाँडफाँड गरिएको थियो/छ। सम्बन्धित जिल्लाको चेपाङ जनसंख्या, आवश्यकता र सान्दर्भिकताको आधारमा बजेट बाँडफाँड हुने गर्दछ। कार्यक्रमहरूमा सफ्टवेयर र हार्डवेयर दुवै खालका हुने गर्दछन्–जस्तैः चेपाङ समुदायलाई उत्थान गर्न शिक्षाको कार्यक्रमलाई दिइने प्राथमिकता। सं. २०५८ देखि २०७१७२ सम्म आई पुग्दा प्रतिष्ठानले जम्मा रु. ६,६०,२०,०००/- (अक्षरेपी ६ करोड ६० लाख २० हजार मात्र, तालिका ३) लगानी गरी सकेको भए तापनि दैनिक अखबार हरूमा चेपाङहरू "खाना, नाना र छाना" कै अभावमा प्रताडित भएको समाचार छापिनुलाई विडम्वना नै मान्नु पर्दछ। ■



# सामुदायिक भवन निर्माण

■ अनुगम तथा तालिम महाशाखा

विगत आ.व.२०६७/०६८ देखि विभिन्न जिल्लाहरूमा आदिवासी जनजाति सामुदायिक भवन निर्माणको लागि प्रतिष्ठानले आर्थिक सहयोग उपलव्ध गराउँदै आएको छ। नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद्को स्वामित्व तथा भोग-चलनमा रहने गरी सामुदायिक भवन निर्माण गरिएको छ। सामुदायिक भवन निर्माण गर्नका निमित्त सम्वन्धित जिल्ला महासंघको स्वामित्त्वमा रहेको जग्गा (हिमाली तथा पहाडी क्षेत्रमा ७ आना र तराईमा १५ धुर

तस्विरः सामुदायिक भवन, सप्तरीमा उपाध्यक्ष स्थानीय पदाधिकारीका साथ




तस्विर सौजन्यः योजना शाखाबाट दिलिप बास्के



तस्विर सौजन्यः योजना शाखाबाट दिलिप बास्के

तस्विरः निर्माण प्रक्रियामा सामुदायिक भवन, सर्लाही जिल्ला

कम्तिमा) धनी-पूर्जा, भवन, नक्सा आदि मापदन्डहरू प्रतिष्ठानमा पेश गर्नु पर्ने हुन्छ। साथै प्रतिष्ठानबाट निर्माणाधीन जग्गाको अनुगमन समेत गरी रकम स्वीकृत गरिन्छ।

विभिन्न आदिवासी जनजातिहरूको आफ्नै भवनमा उत्थान, सचेतना सम्वन्धी गोष्ठी, छलफल, भेला, उत्सव, चाडवाड आदि विविध स्थानीय स्तरको कार्यक्रमहरू सन्चालन गर्ने उद्देश्य लिएर भवन निर्माण कार्य सन्चालन गरिएको हो।

हालसम्ममा ताप्लेजुङ, सुनसरी, भोजपुर, पाँचथर, सोलुखुम्बु, ओखलढुंगा, सप्तरी, नुवाकोट, सिन्धुपाल्चोक, चितवन, लमजुङ, पाल्पा, दाङ, डोटी, बाजुरा, रूकुम, कन्चनपुर, सर्लाही, नवलपरासी, कपिलवस्तु, जाजरकोट, कैलाली र प्यूठान गरी २३ जिल्लाहरूमा भवन निर्माण कार्य थालनी गरी सकिएको छ भने केही जिल्लाहरू मा निर्माण कार्य सम्पन्न र केहीमा निर्माणधीन अवस्थामा रहेका छन्। देशको ७५ वटै जिल्लाहरूमा आदिवासी जनजाति सामुदायिक भवन निर्माण गर्ने लक्ष्य रहको छ। ■



# तस्विरमा आदिवासी ज्ञान सीप, र कला



तस्विरहरू सौजन्यः कम्प्युटर साइन्टिस्ट, श्यान किरात यालुङ्छा, MTech (डा. होमी भाभा फेलो)

Survival for All



Survival for All



Survival for All



Survival for All



Indentity for All